
# बुद्ध धर्मको सार संक्षेप



व० आ० कनकद्वीप

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# बुद्ध धर्मको सार संक्षेप

(लेख संकलन)

व० आ० कनकद्वीप
''साहित्यरत्न''

Downloaded from http://dhamma.digital/

जीवरत्न ग्रन्थ माला–४

(बुद्ध धर्मको सार संक्षेप)

पहिलो लेप १००० प्रति मात्र

बुद्ध सम्वत २५३३ (इ. सं. १९८९)

प्रकाशक:

भिक्षु महानाम "कोविद"

आनन्द कुटी विहार

स्वयम्भू, काठमाडौं ।

Downloaded from http://dhamma.digital/



स्वनाम धन्य स्व. काका जीवरत्न कंसाकार (केलटोल भंसाछें) आफ्ना पिता हेराकाजी कंसाकार एवं परिवारका साथ दाँया उभिनु हुँदै ।

(जसको उदार् हृदयले गर्दा यो प्रकाशन संभव भएको हो)

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

बौद्ध धर्मका उपासक व० आ० कनकद्वीपज्यूको यस पुस्तकलाई जीवरत्न ग्रन्थ माला ४ को रूपमा प्रकाशित गर्न पाउंदा मलाई ज्यादै हर्ष लागेको छ। यस पुस्तकमा लेखकले बौद्ध धर्म सम्बन्धी अति उपयोगी तथ्यहरू प्रस्तुत गर्नु भएको छ। जुन लेखहरू "आनन्द भूमि" पत्रिकाबाट साभार हुन्।

यसै प्रकाशनको सन्दर्भमा उल्लेख गर्नु पर्ने यौटा विषय जीवरत्न ग्रन्थ माला हो। म मेरो स्वर्गीय काका जीवरत्न कंसाकार (भन्सा छें, केलटोल) को स्मृतिमा यस प्रकाशनलाई अगाडि बढाउने प्रयत्न गर्दैछुं। आज भन्दा ४५ वर्ष अगाडि जब म प्रवज्जित भएर श्रीलंकाबाट भारत आएर महाबोधी सोसायटीमा धर्मदूत भैकन बुद्ध धर्म प्रचारको कार्य गर्दै त्यसपछि काठमाडौं फर्केको थिएं त्यसैबेला, जीव रत्न काकाले मेरो भिक्षु जीवनको अगाढ श्रद्धा गरेर दुई हज्जार रूपैयाँ दान दिएर जानु भएको थियो। म निस्वार्थ भिक्षु जीवन बिताइ सकेको मानिसलाई त्यो रूपैयाँको कुनै आवश्यकता थिएन। अतः त्यसै रकमलाई प्रयोगमा ल्याइकन आज बौद्ध धर्मको अनुष्ठानको लागि यस प्रकाशनहरू काका जीवरत्न कै नामबाट गरिरहेको छुं।

नेपालमा बुद्ध धर्मको आफ्नै विशेष पृष्ठभूमि छ। किनभने, बुद्ध यसै धरणीक्षेत्रका सुपुत्र हुन्। बौद्धहरूको स्थविर एवं महासांघिक

Downloaded from http://dhamma.digital/

सिद्धान्त अनुसार बौद्ध साहित्यले मानिसको जीवनमा पथः प्रदर्शन गर्न सकिन्छ भन्ने छ । अतः यस किसिमका पुस्तकहरूले बौद्ध सिद्धान्तलाई जीवन्त बनाउन सक्ने आशा गर्दछुं ।

भवतु सब्ब मंगलम् !

(महास्थविर) भिक्षु महानाम "कोविद"
आनन्द कुटी, स्वयम्भू, काठमाडौं ।

Downloaded from http://dhamma.digital/

# मेरो भन्नु

बुद्ध धर्म सम्बन्धी असंख्य जिज्ञासाहरू मेरा छन् । संस्कार जन्य कर्म भन्दा कर्मजन्य संस्कारमा म बाँच्न चाहन्छु । त्यसैले म, महामानव बुद्धको अनुशरण गर्न लागि रहेको हुं ।

बुद्ध धर्म बौद्धहरूले नै विकृत तुल्याइ रहेको आभास हुन्छ । त्यसो हुनु अन्याय हो । बौद्ध धर्म जस्तो पवित्र मानवीय सिद्धान्तलाई फेरि अन्ध विश्वासतिर अथवा पुरोहितवादको भुमरिमा फंसाइ दिनु पनि शोषणको नीति हो ।

बुद्धले इश्वरको खोजी गर्नु भन्दा मानव सेवा गर्नु बेस भनेका थिए । यसै कुरालाई हृदयंगम गरी इशाईहरूले मिसन स्पिरिट (mission spirit) देखाएको थियो । तर, हामी त खोइ, बुद्धको मूर्तिलाई पुजा गर्दै अलमलि रहेका छौं ।

यस युगमा धार्मिक प्रदूषण हटाउनको निमित्त बौद्ध धर्म चाहिएको हो । युद्ध स्थिति रोक्नको लागि विश्व शान्तिको नारा घन्काउनु परेको हो । त्यसै अनुरूप म यस पुस्तकलाई प्रस्तुत गरिरहे छुं । मेरो लेखनिबाट भएका त्रुटीहरूको क्षमा याचना गर्दछुं ।

छोटो, मीठो एवं अत्यन्त सार गर्भित भूमिकाको लागि म भिक्षु सुशोभनजीलाई साधुवाद टक्र्याउंछु ।

Downloaded from http://dhamma.digital/

अनि, यस पुस्तक प्रकाशनको लागि जीवरत्न ग्रन्थ मालाको व्यवस्थापन गर्नु हुने भिक्षु महानाम "कोविद" ज्यू प्रति म साह्रै नै कृतज्ञ छुं ।

व० आ० कनकद्वीप

Buddha Dharmako Sar-samkshep
(Buddhism in a few words)
V. A. Kanakdwip
Rs. 10/- only.

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस

# दुई शब्द

प्रस्तुत पुस्तकमा संग्रहित विभिन्न लेखहरू ब० आ० कनक द्वीपज्यूले लेखनु भएका हुन् । वहाँसँग मेरो निकट सम्पर्क भएको हाल-साल कै कुरा हो । पहिले वहाँलाई मैले वहाँके लेखहरू र रचनाहरू पढेर चिनेको थिएँ । कहिले काहीं बौद्ध सभा, गोष्ठी, वा प्रवचन समारोहहरूमा वहाँको मन्तव्यहरू पनि सुन्ने गर्छु । एक स्पष्ट वक्ता, निर्भिक र आत्मसम्मानमा ठूलो गौरव राखनु हुने वहाँ नेवारी, नेपाली र अंग्रेजी तीनै भाषामा धारा प्रवाह रूपमा लेखहरू लेख्न सक्नु हुन्छ । हाम्रो बौद्ध साहित्यको क्षेत्रमा वहाँको देन बढ्दै आने छ भनी आशा गर्दछु ।

एकातिर मानिसहरू सांसारिक सुखको पछि लाग्दै आफ्नो अनमोल जीवन भौतिक चीज वस्तु बटुल्न मै व्यस्त छन् भने अर्कोतिर आफ्नो अमूल्य समयलाई सदुपयोग गरी भगवान् बुद्ध जस्ता महापुरुष-हरूको उपदेश र महावाणीहरू अध्ययन र चिन्तन गरी, त्यस्को महत्त्व बुझी अन्य सह मानव मित्रहरूका बीचमा उही सत्यको सुगन्ध छर्ने शुभ कामना राखि मध्यरातसम्म पनि लेखहरू लेखनमा आनन्दित हुन्छन् । ती लेखकहरू मध्यमा यस पुस्तकका लेखक पनि एक हुन् ।

Downloaded from http://dhamma.digital/

त्रिपिटक बौद्ध ग्रन्थका मूल ग्रन्थ दीघनिकाय, मज्झिम निकाय, खुद्दक निकाय, धम्मपद जस्ता सूत्रपिटक अन्तर्गतका धेरै सूत्रहरू कनकद्वीपज्यूलाई नै याद भएको र वहाँलाई घत लागेको तथ्यहरूको ज्वलन्त उदाहरण नै यो पुस्तकको रूपरेखा हो । वहाँको अध्ययन बौद्ध ग्रन्थमा मात्रै सीमित न भएको र विश्वप्रख्यात दार्शनिक, विद्वान वर्ग र वैज्ञानिकहरूका खोज र अनुसन्धानसँग पनि सुपरिचित हुनु हुन्छ भन्ने कुरा यत्र तत्र उद्‌घृत भएका उक्तिहरूबाट थाहा हुन्छ । यस ढंगले ब० आ० कनकद्वीपज्यू आधुनिक बौद्ध लेखकहरू मध्येमा एक फूल हुन पुगेको छ । वहाँका यी लेखहरू बौद्ध ग्रन्थ र वहाँकै विश्वासको आधारमा आधारित छन् ।

भाषा र शैलीको दृष्टिकोणले यी लेखहरू स्तरीयमा गन्न सकिन्छ र सर्वसाधारण पाठकहरूलाई पनि रोचक र शिक्षाप्रद अवश्य हुनेछ । बौद्ध धर्म सम्बन्धी वहाँका यी लेखहरू पढेर नयाँ पाठकहरूलाई पनि यसरी नै लेखहरू लेख्न प्रेरणा मिल्ने छ । यस लेखहरूमा कठोर, नबुझिने र अलंकार शब्दहरूले नलाडिएको हुनाले आधुनिक बौद्ध लेखहरूको एक नमुना हुन पुगेको छ यो संग्रह ।

अर्को एउटा वास्तविकतालाई यस पुस्तकले अंकित गरिरहेको कुरा हो आनन्द भूमि र धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका नेपाली बौद्ध समाज प्रतिको जिम्मेवारी र देन । यस पुस्तकमा संग्रहित सबै लेखहरू ती पत्रिकामा प्रकाशित भै सकेका छन् । यसरी यी लेखहरूले यस्तो उपयोगी पुस्तकको रूप लिन सकेको श्रेय पनि लेखक स्वयं र ती पत्रिका प्रकाशक दुवैलाई जान्छ ।

Downloaded from http://dhamma.digital/

यो पुस्तकले बहुपक्षीय उपयोग सिद्ध हुनेछ । यसमा बौद्ध नैतिक शिक्षा, विश्वास, विचार, धारणा, कर्तव्यहरू, सिद्धान्त दर्शन, ऐतिहास, संस्कृति, उन्नति र पतनका कारणहरू, शील, समाधि प्रज्ञा, चार आर्य सत्य, प्रतित्यसमुद्पाद, बुद्ध जीवनी आदि विषयसँग सम्बन्धी विभिन्न रसले परिपूर्ण भएको मनोमय भोज हो यो पुस्तक । लेखकको भाषामा यस पुस्तकमा छरिएर रहेका स्मरणीय केही वाक्यांसहरू यहाँ उल्लेख गर्न उपयुक्त लाग्दछ । व० आ० कनकद्वीप भन्नु हुन्छ, "धर्म भनेको कर्तव्य सम्झनु पर्छ,...बौद्ध धर्म मानव धर्म हो,...यो अरू धर्म झैं ईश्वरसँग सम्बन्ध छैन,...धर्म देव पूजन होइन, मानव पूजन हुनु पर्छ,... जीवनको सही बाटो नै धर्म हो,...दुःखबाट मुक्त हुन सक्नु नै निर्वाण हो,...अलौकिक सत्यमा न फस्नु,...मानव मात्रको कल्याणको लागि नै धर्मको शरण लिनु छ,...बुद्धको सिद्धान्त बुझेर लोकहितकारी कार्य गर्नु नै सच्चा बौद्ध बन्नु हो,...बौद्ध धर्मको संघ मानवीय प्रकारको संघ हो,...मानिस स्वयं बुद्धिवादी बन्नु छ, बुद्धलाई राजा कनिष्कको पाला देखि नै मात्र ईश्वरीय अवतार मान्न थालेको हो,...कुशल कर्म गर्न सम्यक्दृष्टि चाहिन्छ, मानिसले मानिसकै दृष्टिकोणले हेर्न सकेमा मात्र मानव समाजको कल्याण हुनेछ, मानवले मानवलाई घृणा गर्ने रोग (Xenophobia) हटाउनु पर्छ,...पूर्वाग्रह, कुसंस्कार र अन्धविश्वास, देखासिकी, संकुचित भावना र मिथ्यादृष्टिलाई त्याग्नु सबै मानिसको लागि कल्याण हुनेछ,...धर्मको कार्यमा जाति होइन, गुण हेर्नु पर्छ,... बौद्ध दर्शन बुझ्न हेतु सिद्धान्त चाहिन्छ,...अष्टाङ्गिकमार्गको अभ्यासले जिउँदो छँदै क्लेशबाट मुक्त हुन सकिन्छ र यही नै बौद्धत्वको उद्देश्य

Downloaded from http://dhamma.digital/

हो,...जीवन साधनामय हुनु पर्छ,...बेहोशी जीवन सधैं चुंदिन लागेको चङ्गा जस्तै छ,...मनोविकार माथि विजय प्राप्त गर्न सक्छ, उसैले मात्र मार विजय गर्नेछ,...वृद्ध, रोगी, मृतक, र सन्यासी चार दृश्य देखेर मात्रै होइन, सिद्धार्थले गृहत्याग गरेको कारणहरू धेरै छन्... बुद्धत्वको प्राप्त गरी सकेपछि तथागतको अभिमुख लुम्बिनीतिर भएको ऐतिहासिक तथ्यबाट नै बौद्ध धर्मको व्याख्या नेपालमा शुरू हुन्छ,...म अति भौतिकवादी भएकोले प्रव्रजित हुन्न,...चित्तवृत्तिमा नियन्त्रणा गर्न कोशिस गर्नेछु,...मैत्रेय भावनामा विश्वास छ।"

उपरोक्त सहृदयपूर्ण उद्गारहरू पढेर यही कुरा सिद्ध हुन आउँछ कि कनकद्वीपज्यू विश्वमा विद्यमान अन्य धर्ममा सुपरिचित भएर पनि बौद्ध धर्म नै ठूलो आस्था राख्नु हुन्छ, र त्यसमा पनि स्थविरवाद बौद्ध धर्म प्रति वहाँको झुकाउ बढी देखिन्छ किन भने यसले सिध्दै दान, शील, समाधि र प्रज्ञा जस्ता अनमोल व्यावहारिक विषयलाई परिचित गराउँछ। एक समय, २०१७ साल अगाडिसम्म आफूलाई एक सक्रिय राजनैतिक कार्यकर्ताको रूपमा समर्पण हुनु भएका वहाँ जापान, लगायत अन्य देश–विदेश भ्रमणबाट एक सशक्त बौद्ध लेखकको रूप दिन गएको भान हुन्छ। चित्रकलामा पनि विशेष रूचि भएका कनकद्वीपज्यूलाई जीवनको लामो यात्रामा एक सफल बौद्ध लेखकको रूपमा हेर्न पाओस्, यही मेरो वहाँ प्रतिको शुभकामना हो।

अन्तमा, पूज्य भन्ते महानाम महास्थविरज्यूद्वारा संस्थापित जीवरत्न ग्रन्थ मालाको तर्फबाट यो पुस्तक प्रकाशित भएको हुनाले प्रकाशक समूह पनि विशेष साधुवादको पात्रमा गर्न चाहान्छु। यस्तै

Downloaded from http://dhamma.digital/

बुद्धको अमृतमय उपदेश, सन्देश, र शिक्षाहरूले सुगन्धित भएका साना-ठूला बौद्ध ग्रन्थहरू बराबर प्रकाशनमा ल्याई हाम्रो नेपाली साहित्य र बौद्ध समाजको ठूलो सेवा गर्नेछ भनी आशा लिंदै मेरो दुइ शब्द यही टुंग्याउँछु ।

"भवतु सब्ब मंगलम् ।"

पद्म सुगन्ध विहार,
मजिपाट, काठमाडौं–२१

– भिक्षु सुशोभन

Downloaded from http://dhamma.digital/

# विषय–सूची

| | | |
|---|---|---|
| १. | वयं धर्मं शरणं गच्छामः | १ |
| २. | संघं शरणं गच्छामि | ६ |
| ३. | बुद्धधर्मको मौलिकता र आजको बौद्ध मत | ८ |
| ४. | सम्यक् दृष्टि | १२ |
| ५. | इमाय धम्मानुधम्म पटिपत्तिया ! | १६ |
| ६. | बौद्धकालीन बज्जिहरूको उन्नति | २० |
| ७. | अशोक कालीन बौद्धसमयको कुरा | २२ |
| ८. | ध्यान भावना | २५ |
| ९. | प्रतीत्यसमुत्पाद | २९ |
| १०. | राहुलसुत्त | ३३ |
| ११. | मार–विजय | ३६ |
| १२. | सिद्धार्थको गृह त्याग | ४० |
| १३. | नेपालमा बौद्ध–धर्म | ४५ |
| १४. | अन्तिम प्रवज्या | ५१ |
| १५. | गोत्र के हो ? | ५४ |
| १६. | असम्भव भनिने सम्भव प्रकृयाहरू | ५७ |
| १७. | चूडाकर्म | ६३ |
| १८. | जापानमा बौद्ध उत्सवहरू | ६८ |
| १९. | इशाई मतमा बौद्धधर्मको प्रभाव | ७३ |

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# वयं धर्मं शरणं गच्छामः

कुनै पनि पाखण्डवादलाई धर्म मानेको खण्डमा मानिसले अवहेलित भएर बाँच्नु पर्छ । बेलायतका महान् इतिहासकार जोहन स्टुवार्ट मिलले भारतीय धर्मको विषयमा ज्यादै दुःखित भएर यसरी भनेका छन् ।

"In truth, the Hindu like the eunuch, excels in the qualities of a slave."

यहाँ उक्त वाक्य उल्लेख गर्नुको मूल अभिप्राय हामी बौद्धहरूले पनि प्रज्ञा पारमिताको सिद्धान्त जान्नु हो र मूर्खता पूर्वक जे कुराको पनि अन्धतामा न लाग्नु हो । त्यस्तै, बौद्ध धर्मका सार कुराहरू मध्ये शान्ति र भ्रातृत्व भावना हो जसलाई विश्वका महान्, महान् विद्वान्-हरूले बौद्धमतलाई अति नै उच्चतम सचेतनाले प्रेरित उद्देश्य (धर्म) मानेका छन् ।

"एच. जी. वेल्स भन्दछन्–" Buddhism is the highest expression of man's spiritual aspiration.

माथि भनिए झैं विश्वशान्ति र विश्वभ्रातृत्वको लागि मानिसले सर्वप्रथमः करुणाको महत्त्व बुझ्नु पर्छ । व्यक्ति आफू एक्लै "अहं धर्मं

Downloaded from http://dhamma.digital/

शरणम् गच्छामि" मात्र होइन सबैले सामुहिक रूपले "वयंम् धर्म शरणं गच्छामः" भन्नु परेको छ ।

बुद्ध जन्मेको युग टाढा भैसकेको छ । बुद्धको समयमा बनेका विनय सुत्रहरू अब व्यावहारिक रूपमा संशोधन गर्न बौद्ध जनहरूलाई अधिकार पनि छ । अतः बुद्ध धर्मको परिभाषा व्याख्या गर्दा बौद्ध सार सुत्रहरू मात्र प्रस्तुत हुनु सामयिक देखिन्छ । जस्तो कि त्रिपिटकको गहिराई सम्म पुग्दा त्यसमा मानव कल्याणका मूल सिद्धान्तहरू मात्रको व्याख्या छ र त्यस भन्दा बढी पाखण्डी पूर्ण दर्शनहरू हामीलाई आवश्यक छँदै छैन । तर, हालै एक जना बज्राचार्यले बौद्धहरूले (तुलनात्मक अध्ययनको लागि ?) वेदवेदाङ्ग पनि अध्ययन गर्नु पर्ने कुरो गर्नु भएको छ तर बौद्धहरूले बौद्ध वांग्मयको सुत्त पिटकका सिद्धान्तहरू मात्र जानेमा आफ्नो कर्तव्याकर्तव्य आफै बोध हुने छ भन्ने हामीलाई लागेको छ । धम्मपद उही निर्देशित सिद्धान्तका आधार हुन् ।

यो चे वस्ससतं जीवे – अपस्सं धम्ममुत्तमं
एका' हं जीवितं सेय्यो–पस्सतो धम्ममुत्तमं ।

उत्तम धर्म न जानेर सय वर्ष बाच्नुभन्दा उत्तम धर्म जानेर एकै दिन मात्र बाँच्न सक्नु पनि राम्रो हुःछ ।

यहाँ धर्मलाई परिभाषित गर्दा बौद्धहरूले धर्म भनेको कर्तव्य सम्झनुपर्छ । बौद्ध धर्म मानव सिद्धान्त हो । यो अरू धर्महरूमा झैं ईश्वरसँग सम्बन्धित छैन । विश्वमा धर्मको परिभाषा अनेकौं छन् । ती धर्महरू सबै अलौकिक ईश्वरिय अस्तित्व सँग सम्बन्ध जोड्न खोज्छन् र अथाह भुमरिमा परिरहेका छन् । मानवतावाद सम्म पुग्न उनीहरूलाई

Downloaded from http://dhamma.digital/

हुन्ने भै राखेको छ । धर्म भन्ने शब्द सँग तर्सनु पर्ने वातावरण पनि सिर्जिएको छ । विभीषिका धर्म युद्धले नै ल्याउँदो छ । भयावह छ । अतः धम्मपदको आधारमा हेतु धर्म पहिल्याउन सकियो भने धर्म देव पूजन होइन मानव पूजन हो भन्ने तथ्य बुझ्न सक्ने हुन्छ । जीवनको सही बाटो नै धर्म हो The right path of life is Dhamma भन्ने कुरो जाने पछि मात्र सबैले 'धर्मं शरण गच्छामि' भन्न सक्ने हुन्छ ।

खास गरिकन बुद्धले मानव जातीलाई दुई कुराहरूमा जोड दिएका थिए । ती हुन् १. ज्ञान २. करुणा । ज्ञानले विश्वलाई सभ्य एवं सुसंस्कृत बनाउँछ भने करुणाले शान्ति दिलाउँछ । यिनै दुई अमृत वाक्यहरू महापरिनिर्वाणको समयमा बुद्धले अभिव्यक्त यसरी गरेका थिए– "मैले पनि भवचक्रका भोगहरू गर्दै समय बिताएँ । ती अमूल्य समयहरू व्यर्थै भए । त्यसबेला मृत्यु–शोकको पीडा अनुभव हुन्थ्यो । अब मैले भवचक्र तर्ने बाटो पहिल्याइ सकें । अनि, दुःख र सन्तापको घेराबाट मुक्त भै सकेको हुँदा अपरिमेय जीवन चक्र बोध भयो । मलाई थाहा हुँदैछ– प्रज्ञाद्वारा दुःख निरोध गर्न सकिने रहेछ । प्रज्ञा बिना शील र शील बिना समाधि असम्भव छ । दुःखबाट विमुक्त हुनु महाबोधिज्ञानको तत्त्वबोध हो । आज म कृतज्ञ भएर महाबोधिवृक्षको पनि स्मरण गरिरहेछुं ।" उपर्युक्त अभिव्यक्ति शायद गौतम बुद्धले न भै विपस्सी बुद्धको थियो भन्ने मत बौद्ध विद्वान धर्मानन्द कोसम्बी को भएता पनि अभिव्यक्तिका सारहरू महावग्गबाट लिइएका हुन् ।

उपर्युक्त कथन फैं दुःखबाट मुक्त हुन सक्नु नै निर्वाण हो भन्ने

Downloaded from http://dhamma.digital/

सत्यलाई जेन बौद्धहरू (चीन, जापान र कोरिया) यसरी परिभाषित गर्दछन् । पर्वतलाई पर्वत भनेर जान्नको लागि आफू पनि पर्वत हुन सक्नु पर्छ । अथवा, दुःखलाई दुःख हो भन्ने कुरो चेतनाद्वारा बुझ्न सकिएन भने तृष्णामय जीवनबाट कसैले पनि मुक्ति पाउन सकिदैन । चेतन नै विमुक्तिको लक्षण हो । असल काम त्यस्तो मानिसले मात्र गर्न सक्छ जसले असल काम गर्नुपर्छ भन्ने आचरण राखेको हुन्छ । बुद्ध यसो भन्दछन्– "जुन कुरो गर्नाले खराब हुन्छ त्यो नगर्नु, जुन कुरो गर्नाले राम्रो हुन्छ उही गर्नु ।" संयुक्त निकायमा पनि चतुः आर्य सत्यको व्याख्या गर्दा निम्न कुराहरूको पनि उल्लेख गरिएको पाइन्छ ।

१. अरूलाई दुःख नदिनु
२. शान्ति पूर्वक जीवन बिताउनु
३. आँखा भएर पनि अन्धो नहुनु ।

बुद्ध धर्मको मानवीय भावनाका विशेषता अनुसार बुद्धले कसैलाई पनि अलौकिक कुराहरूमा न फंस्न सल्लाह दिएका छन् । पश्चिमेली विद्वान्हरूले तुलनात्मक अध्ययन गरेर बौद्ध धर्म अन्ध विश्वासबाट टाढै छन् भन्ने मन्तव्य यसरी व्यक्त गरेका छन् As to metephysical facts Buddha is silent बुद्ध आफू संयमित भए झैं अरूलाई पनि संयमित हुन उपदेश दिन्छन् । मानव मात्रको कल्याण खातिर संयम हुनुपर्ने कुराको बोध गराउँछन् र आफू नै आफ्नो पथः प्रदर्शक हुनु पर्ने कुरामा जोड दिन्छन् ।

अनि, बुद्धको भनाइ अनुसार विश्वमा समस्या झैं आफ्नो

Downloaded from http://dhamma.digital/

बलिरहने हुँदा सुखको अनुभव गर्नु असम्भव नै रहन्छ। समस्या समाधान विना शान्ति पनि हुँदैन। सुख वा सुखानुभूतिको त कल्पना नै गर्न न सकिने हुन्छ। अंन्ध्यारोको लागि उज्यालोको आवश्यकता पर्दछ। चतुः ब्रह्म विहार उज्यालो छर्ने बत्ति हो। अष्टांगिक मार्ग उज्यालोमा देखिने बाटोहरू हुन्। यी नै मार्गहरूद्वारा जीवन वहन गर्नु उसको सिद्धान्त वा सैद्धान्तिक पद्धतिहरू हुन्। त्यस पछि सम्यक् आजीविका सम्भव हुन्छ।

बुद्ध सत्यवादी हुन् भनि रहनु पर्दैन। आफूले जीवन क्रममा भूलचूकबाट असत्य कुराहरू हुन गएमा प्रायश्चितद्वारा चोखिनुका साथै फेरि फेरि त्यस्तो भूल न दोहऱ्याउन नै पञ्चशीलका प्रतिज्ञाहरू राखेका हुन्।

पञ्चशील एक पटक लिएर जीवन भर पालन गर्न सक्नु पञ्चशील हजारौं पटक लिएर पालन गर्न नसक्नु भन्दा श्रेयस्कर हुने हुन्छ। धम्मपदले पनि हामीलाई यही कुरो सिकाउँछ।

सत्यताको प्रसंग बौद्ध साहित्यमा असंख्य छन्। सत्यताको उदाहरण पवित्र नदीसँग दाँजेर प्रज्ञावान् बौद्धहरूको बचन सत्यताको नदी प्रवाह भनेका छन्। बुद्ध भन्दछन्– "सधैं चेतना र जाग्रतावस्थामा रहेर मात्र मानव जातीले आफ्नो जीवन सार्थक पार्न सकिन्छ।" आफ्नो नाथ आफैं हो भन्ने उल्लेख पनि यसै भनाइमा आधारित छ।

अन्तमा, आफू, आफ्नो परिवार, समाज, देश एवं मानव मात्रको कल्याणको लागि धम्मं शरणं भन्ने सिद्धान्तमा लाग्नु सबैको कर्तव्य हो।

Downloaded from http://dhamma.digital/

बुद्ध मूर्ति पुजेर वा प्रार्थना गरेर भन्दा पनि बढी सक्रियताका साथ बौद्ध सिद्धान्त बुझेर लोक हितकारी चिन्तना एवं परोपकार गर्नु नै सच्चा बौद्धको परिचय हुने छ। कल्याण मित्र वा उपासक उपासिका वा बौद्ध उनैलाई मात्र भनिन्छ।

# संघं शरणं गच्छामि

बुद्धं शरणं गच्छामि ! धम्मं शरणं गच्छामि ! संघं शरणं गच्छामि ! यसलाई शरण–गमन भनिन्छ। त्यसैले बौद्धमत मान्नेहरूको त्रिशरण यो हो। यो प्रथा बुद्ध भगवान्‌को जीवनकाल देखि नै चलेर आएको हो। यहाँ ध्यान दिने योग्य कुरो यो छ कि बुद्ध धर्ममा संघको प्रतिष्ठाको जुन महत्त्व छ त्यो अरू कहीं पनि छैन। स्रोतापन्न हुनको लागि पनि विचिकिच्छा (बुद्ध, धर्म, संघ–प्रतिको अविश्वास) हटाउनु-छ भन्ने नियम बौद्ध धर्मको हो।

भगवान् बुद्ध भन्नुहुन्छ– "तिमी बुद्ध धर्म र संघको आश्रय लिएर आफ्नै मिहेनतद्वारा आफ्नो एवं अरूको दुःख हटाऊ। जगत संसारको उद्धार गर।"

स्मरण रहोस्, बुद्ध भगवान्‌ले आफू पछि कसैलाई संघको नायक भनेर नेता तोक्नुभएन। यसको सट्टा बरू संघमा नियम बनाएर सबै मिली सबै संघले कार्य गर्ने सिद्धान्त दिनुभयो।

Downloaded from http://dhamma.digital/

प्रसंगमा एक ऐतिहासिक कथा वस्तु देऔं। भगवान् बुद्धको महापरिनिर्वाण भएको धेरै समय बितेको थिएन। उसबेला आनन्द भिक्षु राजगृहमा थिए। उज्जैनका राजा प्रद्योतको भयले अजातशत्रुले राजगृहको मर्मत गराएका थिए। त्यसै कामको लागि गोपक मोग्गल्लान ब्राह्मणलाई नियुक्त गरिएको थियो। आयुष्मान् आनन्द भिक्षु राजगृहमा भिक्षा माग्न जान थाले। भिक्षाटनमा केही ढीलो हुने हुँदा उनी गोपक मोग्गल्लान–कहाँ गए। ब्राह्मणले उनलाई आसन दिएर आफू पनि नजिकै बसिकन प्रश्न गर्न थाले– 'के बुद्ध भगवान् कैं' "गुणवान् भिक्षु अरू कोही छन्।"

"छैन।" आनन्द भिक्षुले उत्तर दिनुभयो।

यो कुरो भैरहेको बेलामा मगध देशका प्रधानमन्त्री श्री वस्सकार ब्राह्मण पनि त्यहाँ आइपुग्नु भयो र आनन्दको उत्तर सुनेर आफूले पनि प्रश्न गर्नुभयो– "के बुद्ध भगवान्ले कुनै भिक्षुलाई नियुक्त गर्नुभएन असकहाँ उनी पछि संघले शरण पाउन सकून्?"

आनन्द भिक्षुले जवाफ दिनुभयो– "छैन।"

"तब कुनै भिक्षु यस्तो हुनुहुन्छ जसलाई संघले भगवान् बुद्ध पछि चुनेको छ?" –वस्सकार ब्राह्मणले फेरि सोध्नुभयो।

"ज्यू–कोही छैन"– आनन्द भिक्षुको जवाफ थियो। "यानि तपाइंको यस भिक्षु संघमा कोही नेता (नायक) छैन। त्यसो भए संघको संगठन कसरी चल्छ?" –वस्सकारको प्रश्न थियो।

आनन्द भिक्षुले उत्तर दिनुभयो– "यसरी नसम्झौं कि हामीसँग नायक वा नेता छैन। भगवान्ले विनयका नियमहरू बनाइदिनु भएको

Downloaded from http://dhamma.digital/

छ । हामी एकै ठाउँमा रहेका भिक्षुहरू एकत्र भै उनै नियमहरू दोहर्‍याउँछौं । जोसँग दोष हुन्छ उसले आफ्नो दोष प्रकट गर्छ र प्रायश्चित गर्छ । कुनै पनि भिक्षु शील आदि गुणहरूले सम्पन्न हुनुहुन्छ भने हामी उनलाई मान्छौं र उनैको सल्लाह लिने गर्छौं ।

मज्झिम निकायको गोपक मोग्गल्लान सुत्तमा उक्त प्रसंग उल्लेख छ ।

त्यसैले बुद्ध भगवान्‌ले प्रतिष्ठा गर्नुभएको संघको अभ्यास गर्नेहरूको संघमा उच्च नीचको भेदभाव कुनै छैन र सबै समान हुने गर्छन् । जसको शील वा निर्वाण–मार्गको तप बलियो हुन्छ उनैलाई पूज्य मानिन्छ ।

अतः बौद्धधर्मको संघ मानवीय प्रकारको संघ हो भन्नुमा कुनै अत्युक्ति हुने छैन ।

# बुद्धधर्मको मौलिकता र आजको बौद्ध मत

ईश्वरको बारेमा बुद्ध स्वयं मौन थियो । ईश्वरवादी ब्राह्मणहरूले प्रतिष्ठापित तत्कालीन समाजमा बुद्धले अनेकौं विकृतिहरू देखेका थिए । अतः समाजको अधोपतनको लागि उनी दुःखित थिए । त्यसै-कारण बुद्धले आफ्नो सारगर्भित उपदेशमा प्रत्येक व्यक्तिले कुनै पनि

Downloaded from http://dhamma.digital/

कर्मको लागि आ–आफैंद्वारा निर्णय गर्न सक्ने कुरा बताएका थिए । उनको भनाइ अनुसार मानिस स्वयं बुद्धिवादी बन्नुपर्छ, दृढ हुनुपर्छ र सत्यको खोजी गर्नै हुनुपर्छ ।

उपर्युक्त भनाइको पुष्टयाइँ गर्न यहाँ तेविज्ज सुत्त (दीर्घ निकाय) को उदाहरण लेऔं ।

एकपल्ट गौतम बुद्ध आफ्नो दलबल सहित भारतका ठाउँ ठाउँमा धर्मदेशना गर्दै गरहेका थिए । त्यसबेला धर्मका अनुयायीहरूले उनीसँग वादविवाद गर्न तम्सिरहेको थियो । जब उनी कोशल जनपदको मनसाकेत भन्ने ठाउँमा आइपुगे तब वासेट्ठ र भारद्वाज भन्ने दुइजना विद्वान् ब्राह्मणहरू उनी कहाँ संवाद गर्न आइपुगे । तब तथागतले उनीहरूसँग प्रश्न गरे– वासेट्ठी वेदहरूको अध्ययनमा पोख्त ब्राह्मणहरू कसैले ब्रह्मको प्रत्यक्ष दर्शन गरेका छन् ? ब्रह्माले सृष्टि गरेको भन्ने प्राणीहरू किन अनित्य, परिवर्तनशील अस्थिर र मरणशील छन् ? यदि ईश्वर सर्वशक्तिमान् छ र सृष्टि उसैले गरेको हो भने मानिसका कुनै पनि इच्छा हुनै सक्तैन । यस्तो अवस्थामा ईश्वरले सृष्टि के कारणको लागि गऱ्यो ? यदि ईश्वर नै सबै हो भने ईश्वरका सन्तानहरू किन चोर, डाँका, बदमास, लोभी र भ्रष्टाचारी भए ? यदि त्यो सृष्टिकर्ता ईश्वर न्यायी र दयावान थियो भने संसारमा अन्याय र क्रूरताले किन बास गऱ्यो ?

उपर्युक्त प्रश्नहरूबाट अवाक् भएर ती ब्राह्मण विद्वान्हरू फर्के-पछि बुद्धले ५०० भिक्षुहरूसँग आफ्ना विचारधारा यसरी प्रकट गरे ।

धर्मको सम्बन्ध ईश्वर र मानिससँग हुने कुरो होइनः मानव

Downloaded from http://dhamma.digital/

मानवको सम्बन्ध मात्र हुने कुरो हो। ईश्वरको अस्तित्व बारे न कुनै प्रमाण छ, न त कुनै अनुमान गर्न सक्ने आधार नै छ। त्यसैले ईश्वर भनेको कल्पना हो। उक्त कुराहरूको राम्रो व्याख्या प्रतीत्य-समुत्पाद-मा छ।

ईश्वरको मिथ्या–विश्वासले सम्यक् दृष्टिमा बाधा पार्छ। सम्यक् संकल्पमा आघात पार्छ।

ईश्वरसँग सम्बन्धित चर्चा प्रसंग पाठिक सुत्त (दीर्घ निकाय) २४ औं सुत्तंतमा यसरी दिइएको छ–

गौतम बुद्ध मल्ल नगर अनुप्रियमा रहेको बेला भग्गव परि-व्राजकले सुनक्खत लिच्छवीको बारे चर्चा चलाएका थिए। उसलाई गौतम बुद्धले घटना विवेचना गरेर भने भो परिव्राजक! सुनक्खत लिच्छवी म कहाँ शिष्यत्व त्याग गर्न आएको थियो। उसको भनाइमा मैले उसलाई कुनै किसिमको अलौकिक शक्ति प्रदर्शन गरिन रे।' फेरि मैले यस लोकको सृष्टि बारे पनि केही बताउने प्रयास गरिन रे। "उक्त दुवै कुरा मेरो धर्म अन्तर्गत न भएकोले मैले उसलाई चित्त बुझाउन सकिन। मेरो धर्मदेशनामा त असल आचरण-द्वारा चतुरार्य सत्यलाई हृदयंगम गरेर दुःखबाट मुक्ति पाउनु मात्रै हो।"

फेरि पनि बुद्धको कथन तेविज्ज सुत्त–१–१३ (दीर्घ निकाय) मा यस्तो छ– "कुनै कुरोलाई यस निमित्त मात्रै न मान कि त्यो कुरो तिमीले सुनेका थियौ। कुनै कुरोलाई यस निमित्त मात्रै न मान कि त्यो कुरो परम्परागत हो। कुनै कुरोलाई यस निमित्त मात्रै न मान कि यो

Downloaded from http://dhamma.digital/

कुरो अरूले मानेको छ । कुनै कुरोलाई यस निमित्त मात्रै न मान कि त्यो कुरो कुनै ग्रन्थमा लेखिएको छ । कुनै कुरो यस निमित्त मात्रै न मान कि त्यो कुरो कुनै विद्वान्ले भनेको होस् । तिमीले प्रत्येक कुरो मान्नु र विश्वास गर्नुभन्दा अगाडि आफ्नो बुद्धि, तर्क र विवेकले हो होइन छुट्याऊ । सत्य के हो भन्ने कुरो आफैंले ज्ञान चक्षुद्वारा पारख गर्न सक्नेछौं ।"

यसरी जुन बुद्धले आफ्नो सिद्धान्तको सही निरूपण गर्न कोशिश गरे उनैलाई मानिसले कनिष्क राजाको पालोदेखि ईश्वरीय अवतार मानेर पूजा अर्चना गर्न थाले । यिनै कुराहरूका अभ्यासले अलगद्दूपम सुत्तंत (मज्झिम निकाय २२) महाकम्मविभंग सुत्त (मज्झिम निकाय १.३६) कण्णा कट्ठल सुत्त (मज्झिम निकाय १०) महातन्हा संखय (मज्झिम निकाय १०) (जीवक–मज्झिम निकाय ५५) को पनि विपरीत हुन पुग्यो ।

बुद्धका मौलिक मूल वचनहरू श्रीलंकामा सिंहली भाषामा अनूदित भएर रहेको हुँदा बुद्ध पछिको बौद्ध सिद्धान्तहरूको विकृति केलाउन हामीले उक्त सिंहलभाषा ग्रन्थलाई फेरि अध्ययन गर्न परिरहेको छ । विश्वका सबै बौद्धहरूले उक्त कुरामा ध्यान दिनु पनि नितान्त आवश्यक रहेको छ ।

Downloaded from http://dhamma.digital/

# सम्यक् दृष्टि

धर्मचक्र प्रवर्तनको शिलशिलामा गौतम बुद्धले आफ्ना पञ्च-वर्गीय भिक्षुहरूलाई आर्यअष्टांगिक मार्गको उपदेश दिनुभै मध्यममार्गको अनुसरण गर्ने सल्लाह दिनुभयो। त्यसै मार्गको पहिलो पाठ "सम्यक् दृष्टि" हो। सम्याक् दृष्टिको मूल चार आर्यसत्यहरूको यथार्थ ज्ञान हो, अर्थात् विश्लेषण हो। जस्तै मानिसहरूमा अति तीव्र तृष्णाहरू भैरहन्छन्। त्यसै कारण संसार दुःखले भरिएको हुन्छ। तृष्णाले अहंकार जगाउँछ। अहंकारले मानिसलाई लोभ, पाप र मोहमा फँसाउंछ। अनि स्वार्थको कारण बन्छ, स्वार्थले संघर्ष गराउँछ। आफ्नो ऐश्वर्य र सत्ता बढाउनको लागि मानिसहरू लालायित रहन्छन्। यिनै कुराहरू त्याग्न सम्यक् दृष्टिको खाँचो हुन्छ।

संक्षेपमा—प्राणघात, अदत्तादान र काम मिथ्या—चार कायिक पाप कर्म हुन्। असत्य, चुक्ली, गाली बेइज्जती, वाहियात बहसहरू र द्वेष वाचसिक पाप कर्म हुन्। अर्काको धनसम्पत्तिको लोभ, अरूहरूको नासोको इच्छा र नास्तिक दृष्टिकोण अर्थात् जुनसुकै राम्रो कुरामा पनि बाधा विरोध मानसिक पाप कर्म हुन्। माथि भनिएका अकुशल कर्महरूबाट पन्छिन कुशल कर्म पथमा लाग्नुपर्छ। कुशल कर्म गर्न सम्यक् दृष्टि चाहन्छ अर्थात् कुशल कर्मले अकुशल कर्मलाई जित्न सम्यक् भाव जगाउन सम्यक् दृष्टिको सही दिशाबोध हुनु अति आवश्यक छ किनभने कुशल मनोवृत्तिमा अकुशल कारणहरू हुन सक्ने अवस्था

Downloaded from http://dhamma.digital/

पनि आउन सक्छ । त्यसको निदानोपाय अकुशल विचारमा आसक्ति न राख्नु हो । निरपेक्षताका साथ कुशल काम गर्दै गएमा हाम्रो कुशल हुन्छ । धम्मपदमा भनिएको पनि छः–

सब्ब पापस्स अकरणं, कुशलस्स उपसंपदा ।

सचित्त परियोदपनं, एतं बुद्धानुसासनं ।।

(सबै पापको अकरण सबै कुशलहरूको सम्पादन र स्वचित्तको संशोधन नै बुद्धानुशासन हो) आलम्बन परीक्षामा यसको विस्तृत व्याख्या गरिएको छ ।

अब प्रसंगवश बुद्धको समयको एउटा घटना–क्रमको उल्लेख गर्न सकिन्छ । एकपल्ट गौतम बुद्ध कोशल देशको यात्रा गर्दै शालवतिका भन्ने ठाउँमा पुग्नुभयो । त्यो गाउँ कोशल राजाले लौहित्य भन्ने बाहुन-लाई दान दिइराखेको थियो । लौहित्य ब्राह्मण त्यस देशमा विद्वान् मानिन्थ्यो । उनको मत "मानिसले कुशल तत्त्वज्ञान जाने तापनि अरू कसैलाई भन्नुहुन्न" भन्ने थियो । त्यसैले उनी आफ्नो तत्त्वज्ञान गोप्य राख्तथ्यो ।

त्यसपछि उनको संयोगवश बुद्धसँग भेट भयो । उक्त भेटघाटको क्रममा बुद्धले उनीसँग सोध्नुभयो– "हे लौहित्य ब्राह्मण, के तपाईंले यो भनिरहनुभएको छ कि यदि मानिसले कुनै कुशलतत्त्व फेला पारेमा त्यो कसैलाई पनि भन्नुहुन्न ?"

लौहित्य– "हो, म त्यसै भन्ठान्छु, गौतम !" बुद्ध– 'हे लौहित्य, तपाईं यस शालवतिका गाउँमा रहनुहुन्छ । अब यदि कसैले शालवतिका गाउँका सबै आम्दानी लोहितले मात्रै भोग गर्ने अधिकार छ अरू

Downloaded from http://dhamma.digital/

कसैलाई केही उपभोग गर्न दिनुहुन्न भन्यो भने त्यस्तो भन्ने व्यक्ति तपाईंसँग निर्भर रहेका गाउँलेहरूको अकल्याण गर्ने अहित गर्ने ठहर्छ कि ठहर्दैन ? लौहित्य– "ठहर्छ, गौतम !" बुद्ध– "जो अरूको निमित्त अहित विचार गर्ने हुन्छ, त्यो अरूको लागि कस्तो हुन्छ ?" लौहित– "अहितानुकम्पी हुन्छ गौतम !" बुद्ध– "त्यस्तो मानिसको मन मैत्रीमय हुन्छ वा वैरमय ?" लोहित– "वैरमय हुन्छ गौतम !" बुद्ध– "वैरमय चित्तको मानिस मिथ्या दृष्टिको हुन्छ वा सम्यक् दृष्टिको ?" लोहित– "मिथ्यादृष्टि, हे गौतम !" यस परिसम्वाद पछि बुद्धले सम्यक् दृष्टिको व्याख्या विनय विस्तार गरेर सबैलाई सम्यक् दृष्टिमा रहने उपदेश दिनुभयो ।

माथि उल्लेख गरिएको सम्वाद अनुसार कुशल कर्मले अकुशल कर्म जित्नको लागि सम्यक् दृष्टिको तथ्य विवरण दिइएको हो । धम्मपदको अर्को गाथामा क्षमाले क्रोधलाई जितौं, असाधुलाई साधुत्वले जितौं त्यस्तै कञ्जुसलाई दानले जितौं ।" भनेका छन् ।

बुद्ध धर्ममा सम्यक् दृष्टिको बहुपक्षीय महत्त्व छ । बुद्ध मानिस हुन् । उनको जीवनीमा मानविक गुण भरिएको छ । करूणा, मैत्री भावना र शान्तिमय विचारधारा उनका यथार्थ दर्शन हुन् । खास शब्दमा भन्ने हो भने मानिसले मानिस प्रति मानिसकै दृष्टिकोणले हेर्न सकेको खण्डमा मात्र मानव समाजको विकास हुन्छ । मानव समाजको विकृति Xenophobic disease (मानवले मानवलाई घृणा गर्ने मानसिक रोगलाई हटाउन न सकेसम्म मानव सभ्यताको मूल्य हुन गाह्रो छ । आफू जतिसुकै सुसंस्कृत भने तापनि 'ह्वेन साँग' (चिनीया यात्री)लाई

Downloaded from http://dhamma.digital/

कान्तियुरमा "सँय वल सँय्" भनेर तिरस्कार गरेको इतिहास हाम्रो Xenophoia थियो। जापानीहरू पनि अधिकांशतः विदेशीहरूलाई आजसम्म "हेन्ना गाइजिन" अनौठो विदेशी भन्दछन्। यूरोपियनहरूको श्रेष्ठताभास लघुताभास त छंदैछ। यसरी बौद्ध अबौद्ध सबै देशमा घृणा, ईर्ष्या, द्वेष र नराम्रा संस्कारहरू हुनु मिथ्यादृष्टि हो। मिथ्यादृष्टिलाई जित्न सम्यक् दृष्टि चाहिन्छ। अनि मात्र हामी साँच्चै नै मानिस हुन सक्छौं।

उक्त तथ्यको प्रयोजनको लागि हामीले सम्यक् दृष्टि दिएर बुद्धचरित्रको सत्य अन्वेषण गर्नु आवश्यक छ। पूर्वाग्रह, संस्कार, अंधविश्वास, देखासिकी, संकुचित भावना र मिथ्यादृष्टिलाई त्याग्नु सबै मानिसको लागि कल्याण कर्म हुनेछ।

कुशल कर्म कल्याणको बाटो हो। कल्याण कर्मको लागि– (१) मनसा चिन्तन र भाव (२) सचेष्टता (३) महान् व्यक्तित्वहरूको उद्धरण र संगति फलदायक हुन्छ। प्रज्ञा नै बौद्ध सिद्धान्तको उपाय हो। सम्यक् दृष्टिको प्रसंगमा गौतम बुद्ध कौशाम्बीको घोषितारामभा बस्नु हुँदा भिक्षुहरू आपस्तमा बाझाबाझा न गरून्, मिलेर बसून् भनेर निम्न किसिमका उपदेशहरू दिनुभएको थियो–

"हे भिक्षुहरू! कायिक, बाचिक एवं मानसिक कर्म मैत्रीमय तरिकाले पालना गर्नु। अनि तपाईंहरूले उपासकहरूबाट पाएको दान संघका सबैले समभागमा उपभोग गर्नू, शीलबाट वञ्चित न हुनू, आर्यश्रावकहरूलाई शोभा दिने सम्यक् दृष्टिको पालन गर्नु।"

Downloaded from http://dhamma.digital/

उक्त उपदेशको कुरा कोसम्बिय सुत्तमा लेखिएको पनि छ। हाम्रो बौद्ध चरित्र पनि यही हो।

# इमाय धम्मानुधम्म पटिपत्तिया !

हामी बुद्धपूजा गर्छौं। त्रिरत्न वन्दना गर्छौं। क्रिश्चियनहरूले दश उपदेश Ten Commandments माने झैं हामी पञ्चशील, अष्टशील पालन गर्छौं।

इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि !

इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि !

इमाय धम्मानुधम्म पटिपत्तिया सघं पूजेमि !

र त्यसैले हामी बौद्धधर्म अनुसार शुद्ध चरित्रवान एवं व्यवहारिक हुने प्रतिज्ञामा बद्ध छौं।

त्यस्तै भगवान गौतम बुद्धको अर्को नाम सिद्धार्थ हो। सिद्धार्थको अर्थ आफ्नो पनमा अडिग रहने सिद्धान्तका सिद्ध अर्थ हो। अतः बौद्धहरू मनसा, वाचा, कर्मणा व्यवहारमा सिद्ध भै बसेका हुन्छन् (?) यो हाम्रो बौद्ध विशेषता हो। अतः बौद्ध जगत्मा सम्पूर्ण रूपले शान्ति सद्भावना र सहयोगको राज्य हुन्छ भन्नु अत्युक्ति पर्दैन।

हामी फेरि पनि इमाय धम्मानुधम्म पटिपत्तिया भन्ने सम्झौं। सिद्धान्ततः बौद्ध हुनेहरूले बौद्ध कर्ममा सक्रिय हुने प्रार्थना यो हो। बौद्ध भएपछि बौद्धजन बौद्धधर्म बौद्धकर्ममा सक्रिय रहन्छन्। शील

Downloaded from http://dhamma.digital/

अनुसार आफैंले आफूलाई चारित्रिक शुद्धतामा राख्छन् । प्रसंगमा हामी भिक्षु संघको दिन चर्यामा हुने ऐतिहासिक संयम बारे उल्लेख गरौं ।

१. भगवान् बुद्ध अल्पाहारी (थोरै भोजनमा सन्तुष्ट हुने) मानिस हुन् जो अल्पाहारको गुण बताउँछन् ।

२. उनी आफूसँग भएको चीवरमा सन्तुष्ट हुन्छन् ।

३. जुन किसिमको भिक्षा मिल्छ उसैमा सन्तुष्ट हुन्छन् ।

४. जुन ठाउँ मिल्छ उहीं शान्तमय वातावरणमा रहन्छन् ।

५. एकान्तता उनको लागि प्रिय ठाउँ हो र हल्लाबाट मुक्त भैरहने उनको विशेष स्वभाव हो ।

उपरोक्त किसिमका धेरै प्रसंगहरू हामी मज्झिम निकायमा पढ्न पाउँछौं । त्यस्तै, भगवान् बुद्धको भिक्षु संघमा कसरी शान्तिमय वातावरण भैरहन्छ भन्ने उदाहरणको प्रसंग भगवान् बुद्ध र अजातशत्रुको भेटघाट सम्बन्धी एक विवरण दीर्घ निकायको सामञ्ञफल सुत्तमा पनि पाइन्छ । साथै सच्चरित्रताको व्याख्याको लागि महापदान सुत्त (महापुरुषहरूको सच्चरित्र) बारे पनि हामी अध्ययन गर्न सक्छौं ।

यसरी हामी शील समाधि र प्रज्ञामा निरन्तर लागिरहने बौद्धहरू क्रमशः अज्ञानतामा, नाम मात्रको शिलमा र समाधिको नाममा होहल्लाको शिविर खडा गरेर आडम्बरको बौद्ध समाज निर्माण गर्न लागेका त होइनौं के भन्ने प्रश्न कता कताबाट आइरहेको भान हुन्छ । बुद्धले न थाहा पाइकन अथवा न जानिकन पनि कुनै कुरामा लाग्नु ठीक छैन भनेका छन् । हामी भने जुन सुकै कुरामा पनि न

Downloaded from http://dhamma.digital/

जानेरै लागिरहेका छौं। अथवा भनौं हामी कतिपय उपासक उपासिका-हरूलाई "इमाय धम्मानुधम्म पटिपत्तिया" को मूल अर्थ नै थाहा छैन। तर सधैं बुद्धपूजामा हामी यी श्लोकहरू पाठ गर्छौं। यहाँ निर हाम्रा श्रद्धेय भन्तेहरूले पनि यस श्लोकको "टीका" पढेकै होलान् अथवा जानेकै होलान् भनेर अथवा एक दुइपल्टको धर्मदेशनामा हामी बौद्धहरू व्यावहारिक हुनुपर्छ भन्ने संकेतले मात्र व्याख्या गरेर आफ्ना उपासक उपासिकाहरूलाई बोध गराएको देखिन्छ। अतः कार्य पद्धतिमा हामी कुशल कर्म गर्न सक्ने भएका छैनौं र धेरै प्रतिशत बौद्धहरूको चरित्र, व्यवहार र धारणामा (Conception) धेरै नै अबौद्धताले घर गरेको पाइएको छ। यो कटु सत्य हो।

उदाहरणको लागि यसै पंक्तिका लेखकले कतिपय उपासक उपासिकाहरूसँगको संवादमा उनीहरूले पञ्चशील कै अर्थ नबुझेको पनि पाइयो।

क्रमशः कष्टप्रद हुँदै गएको यस भौतिक युगमा मानिसको जीवन महादुःखमा भासिंदैछ। आणविक हथियारले सुसज्जित राष्ट्र-हरूको एकै जना बहुला नेताको हातबाट मानव सभ्यतामा सःरो यो संसार नष्ट हुने शतप्रतिशत सम्भव छ। यस दुरूह भौतिक उन्नतिमा हामीले हज्जारौं वर्षदेखि प्रतिष्ठित आफ्नो बौद्धपन, बौद्ध सच्चरित्रता र बौद्ध धर्मको हेतु निष्प्राण भएरवोइन थाल्यो भने हामी नक्कली बौद्ध मात्र हुनेछौं।

हाम्रो शील भावना "बहुजन हिताय" को लागि हो। आवेशमा आएर वचनले हिंसा गर्नु पनि हिंसा हो जुन हामीलाई सुहाउँदैन,

Downloaded from http://dhamma.digital/

अदत्तादान (चोर्नु अर्काको चित्त दुखाइकन जवरदस्त लिनु) पनि हामीलाई सुहाउँदैन, सत्यकै नाममा अर्कालाई चुक्लि गरेर अथवा व्यक्ति व्यक्तिको आलोचना गरेर हिँड्नु पनि हामीलाई सुहाउँदैन, नचाहिने (अर्थ न वर्थको) सिद्धान्तको नसामा डुबिरहनु पनि हामीलाई सुहाउँदैन, आफूले व्यभिचार गरेको छैन अरूले गरेको फलानो काम मैले देखेको छु अथवा जानेको छु भनेर काम–तृष्णाको प्रसंगमा लानु पनि हामीलाई सुहाउँदैन, फेरि अप्रमादी भै हामीले शील पालना गर्छौं भनेर लिने पञ्चशीलको प्रतिज्ञा (oath) लाई अहंकार, मात्सर्य, हीनबोधता वा अहंकार प्रमादीमा मुछेर हिँड्नु पनि हामीलाई सुहाउँदैन ।

बौद्धधर्ममा मानवतावाद छ भन्ने तथ्य बौद्ध–स्वभाव, बौद्ध रूप र बौद्ध प्रतिक्रियामा प्रस्फुरित हुन्छ । कुनै पनि बौद्ध "करुणा" को गहनाद्वारा आफू समृद्धिशाली हुन्छ । "करुणा" न हुने पनि बौद्ध हुन्छ भन्नु कुनै नयाँ बौद्ध प्रसंग होला । एक जना बौद्धले अर्का बौद्धप्रति द्वेष गर्छ भन्नु बौद्धको नाममा अबौद्धता होला । त्यस्तै बौद्धरूप भनेको अहंकार भावबाट विमुक्त शान्त सौम्य करुणा कै रूप हो । हेरेर मात्रै भष्म गर्न सक्ने भनेझैंको व्यक्तित्व बौद्ध व्यक्तित्व होइन । उसलाई फलानो बौद्धले कस्तो श्रद्धाभावले व्यवहार गर्‍यो भन्ने प्रतिक्रिया नै बौद्ध प्रतिक्रिया हो । होइन भने यो पांच अरब भन्दा बढी बोझको जनसंख्याले संसार अमानवीय भैसकेको छ । मानिसले आफ्नो पन छोडेर पशुत्व लिइसकेका छन् । अब त जनावरको समाज भन्दा गए गुज्रेको मानव समाजमा मर्यादा भन्ने भाव कहीं देखिंदैन । हामीमा चेतनाले ठाउँ छोड्दैछ । संसारका दार्शनिकहरूले भनि सकेका छन्–

Downloaded from http://dhamma.digital/

"मानव समाज जनावरको समाज भन्दा निम्न कोटीको हुँदैछ ।" यस्ता सत्य कथनहरू किन प्रासंगिक हुन आएका हुन् भन्दा हामीले नै हाम्रो मर्यादा गर्न नसकेर हो । बौद्धहरूले बौद्धधर्ममा आस्था राखेर नै कर्म गर्नुपर्‍यो । अनि मात्र बौद्धहरू साँच्चै नै बौद्ध हुन सक्नेछन् ।

(ति सरणेन सद्धि पञ्चशीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ') त्रि शरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित हुने किसिमले अप्रमादी भैकन सम्पादन गर भन्ने कुरो जान्नै पर्‍यो ।

# बौद्धकालीन बज्जिहरूको उन्नति

बुद्ध भगवान् राजगृहको गृध्रकूट पर्वतमा रहिरहनु भएको थियो । त्यसबेला अजात शत्रु बज्जिहरूको राज्यमा हमला गर्ने विचारमा थिए । यस विषयमा भगवान् बुद्धको राय जान्नको निमित्त राजा अजात शत्रुले आफ्नो मन्त्री वस्सकार ब्राह्मणलाई गृध्रकूटमा पठाए । त्यस वस्सकार ब्राह्मणले अजातशत्रुको विचार बुद्धलाई निवेदन गर्‍यो । त्यस समय आनन्द भिक्षु पनि त्यहाँ उपस्थित थिए । अनि भगवान् बुद्धले आनन्द भिक्षुसँग सोधे– "आनन्द, के तिमीले बज्जिहरू बराबर सभा गरेर जनमतको लागि एकत्रित हुन्छन् भन्ने कुरा सुनेका छौ ?"

आनन्द–"ज्यू भन्ते (भन्वन्त), मैले पनि बज्जिहरू आफ्नो समुदायमा त्यस्तै गर्छन् भन्ने कुरो सुनेको छुं । बुद्ध– "के बज्जिहरू सबै

Downloaded from http://dhamma.digital/

एकै ठाउँमा भेला हुन्छन्, सबै एकै साथ उठ्छन् र एकै साथ काम गर्छन् ?"

आनन्द– "हो भन्ते त्यस्तै गर्छन् ।"

बुद्ध– "बज्जिहरू आफूले नगरेको काम हामीले नै गरेका हौं भन्दछन् कि भन्दैनन् ? अथवा फेरि आफैले बनाएको विधान आफै मात्र छोड्छन् ?

आनन्द– "ज्यू भन्ते, बज्जिहरू विधान अनुसार नै चल्छन् ।"

बुद्ध– "के बज्जिहरू वृद्ध राजनीतिज्ञहरूलाई सम्मान गर्छन् र उनीहरूको सल्लाह मान्छन् !"

आनन्द– "ज्यू भन्ते ! बज्जिहरू बूढा राजनीतिज्ञहरूलाई औधि मान्छन् र सल्लाह अनुसार चल्छन् ।"

बुद्ध– "उनीहरू आफ्नो राज्यका विवाहिता अविवाहिता महिलाहरूलाई अत्याचार त गर्दैनन् !"

आनन्द– "बज्जिहरूको राज्यमा महिलाहरूलाई बलात्कार गरेको कुरा मैले कहिल्यै सुनेको पनि छैन ।"

बुद्ध– "बज्जिहरू आफ्नो नगर र नगर बाहिरको देवस्थलहरू संरक्षण गर्छन् कि गर्दैनन् ?"

आनन्द– "उनीहरूले देवस्थलहरूलाई रक्षा गरिरहन्छन् ।

बुद्ध– "आफ्नो राज्यमा आएका अर्हन्तहरू सुखसँग रहेको छ वा छैन अनि नआएका अर्हन्तहरूलाई आउने प्रोत्साहन दिने कुराहरूमा विचार राखेका छन् वा छैनन् ?"

आनन्द– "बज्जिहरूले अर्हन्तहरूको लागि सबै किसिमको प्रवन्ध

Downloaded from http://dhamma.digital/

गरेका छन्, भन्ते !"

त्यस पछि भगवान् बुद्धले वस्सकार ब्राह्मणलाई सम्बोधन गरेर भन्नुहुन्छ– "हे ब्राह्मण, एकपल्ट वैशालीमा रहँदा मैले राज्यको उन्नतिको लागि यी सातवटा नियमहरू बताएको थिएँ । जबसम्म बज्जिहरूले उक्त नियमहरू पालन गर्दैरहन्छन् तबसम्म उनीहरूको विनाश असम्भव छ ।"

वस्सकार ब्राह्मणले बुद्धका यी उपदेशहरूलाई सहर्ष अनुमोदन गरे ।

उपरोक्त सात नियमहरू बुद्धघोषले लेखेका अत्तकथामा उल्लिखित छन् जसमध्ये बज्जिहरूको निष्पक्ष विधानहरूको समेत विवरण दिइएको छ । फेरि पनि बज्जि गणराज्य त्यस बेलासम्म सफल रह्यो जुन बेलासम्म भगवान् बुद्धका उपदेशहरूप्रति उनीहरू संलग्न रहन सक्यो । यो तथ्य बौद्ध वांग्मयमा उल्लिखित रहेको छ ।

# अशोक कालीन बौद्धसमयको कुरा

बौद्धग्रन्थ दिव्यावदान सुत्तमा जातिभेदको बारेमा एउटा अत्यन्तै रोचक कथा छ । त्यो कथा प्रसंग सम्राट् अशोकका आफ्ना यश भन्ने अमात्यसँगको सम्वाद भएकोले उक्त कुरा नै यहाँ उल्लेख गर्नु प्रासंगिक हुनेछ ।

Downloaded from http://dhamma.digital/

अशोक राजा भर्खर भर्खर बौद्ध भएका थिए । त्यसबेला उनी सबैजसो भिक्षुहरूको गोडामा ढोग्ने गर्दथे । त्यो देखेर एक दिन उनका यश भन्ने अमात्यले बिन्ति गऱ्यो– "हे महाराज, यी शाक्य श्रमणहरूमा सबै किसिमका जातिका मानिसहरू छन् । उनीहरू सबैको गोडामा ढोग्नु हजुरको अभिषिक्त शिरको लागि उचित भएन ।"

अशोकले एक छिन उसलाई केही उत्तर दिएनन् । अनि पछि राजा अशोकले केही खसी बोकाका टाउकोहरू मगाएर बेच्न पठाए । त्यसपछि फेरि फेरि केही मानिसहरूका टाउकोहरू पनि बेच्न पठाए । खसी बोकाको टाउकोको बिक्रीबाट केही रूपैयाँ पैसा आम्दानी भएर आयो । तर मानिसका टाउकोहरू कसैले पनि किनेनन् । त्यसो भएकोले सम्राट् अशोकले ती मानिसको टाउकोहरू विना मूल्य नै जनतामा बाँडिदिने हुकुम दिए । तैपनि ती टाउकोहरू विना मूल्य समेत कसैले लिन चाहेनन् ।

यस्तो कुरा सुनेर अशोकले यशसँग मानिसका यी टाउकोहरू विना मूल्य पनि कसैले किन लिन चाहेनन् भनेर सोधे ।

अमात्य यशले विन्ति बिसायो– "प्रभू, यी मानिसहरूका टाउकोहरू मानिसलाई घिन लाग्छ ।"

अशोक– "मानिसहरू यी टाउकोहरूदेखि मात्र घिन मान्दछन् या अरू सबै मानिसका टाउकोहरूदेखि पनि ?"

यश– "महाराज, कुनै पनि मानिसको टाउको काटेर मानव समाजमा लगे पनि जुनसुकै टाउकोदेखि पनि मानिसहरू यस्तै घिन मान्दछन् ।

Downloaded from http://dhamma.digital/

अशोक– "के उनीहरू मेरै टाउको काटेर लगे पनि घिन मान्दछन् र ?"

यस प्रश्नको उत्तर दिन यशलाई साह्रै नै अप्ठेरो लागेको देखेर सम्राट् अशोकले उसलाई निर्भय हुन प्रेरणा दिए । तब उसले निसंकोच यसरी उत्तर दियो– "महाराज हजुरकै टाउको लगे पनि मानिसहरूलाई घिन हुन थाल्दछ ।" तब अशोकले भनेका थिए– "यस्तो सबैले घिन मान्ने मेरो शिरले भिक्षुहरूको गोडामा ढोगिदिएँ भनेर नराम्रो मान्नु पर्ने कुनै कारण म देख्तिन । भिक्षु व्यक्तित्व भनेको महान् हो । हामीले सधैं आदर गर्नुपर्छ ।"

उक्त सम्वादको पुछारमा रहेको यौटा श्लोक पनि यहाँ उल्लेख गरौं–

आवाल कालेऽथ विवाह काले, जाते परीक्षा न तु धर्मकाले
धर्म कृयाया हि गुणा निमित्ता, गुणाश्च जाति न विचारयन्ति ।।

अर्थात्–

"केटा र केटीको बिहेमा जातिको विचार गर्नु उचित छ । धार्मिक विषयमा जातिको बिचार गर्नु आवश्यक छैन किनभने धार्मिक कार्यहरूमा गुण हेर्नु पर्दछ र गुणहरू जातिपातिमा निर्भर रहने कुरो पनि होइन ।"

हाम्रो देशमा बौद्धधर्मको पर्याप्त प्रचार प्रसार अभ्यास एवं मान्यता भएपनि; बुद्ध स्वयं यसै देशमा जन्मेको भएतापनि फेरि

Downloaded from http://dhamma.digital/

महायानीहरूकै गढ नेपाल ठानिएतापनि जातिपातिको प्रभाव छुटेको छैन । यस्तो हुनु संस्कारलाई त्याग्न न सक्ने सामाजिक वातावरणले गर्दा हो । अतः महान् व्यक्तित्व युक्त समाट् अशोकको उक्त प्रसंग मनन योग्य छ । बौद्ध गरिमाको लागि सबैले अनुशीलन गर्नुपर्ने सिद्धान्त पनि यो हो ।

जातिभेदको बारेमा बुद्धले ब्राह्मण वा अब्राह्मण जन्मले हुने होइन कर्मले मात्र हुने हो भन्ने व्याख्या वासिष्ठ एवं भारद्वाज ब्राह्मण-हरूलाई इच्छामंगल भन्ने गाउँमा सुनाएको कुरो सुत्त निपात र मज्झिम निकायमा पनि उल्लेख छ । यथास्तु ।

# ध्यान भावना

जीवनमा सादगीपन ल्याएपछि दुःखको अपार भुमरीबाट बच्न सकिन्छ । बुद्धले तीनै दुःखहरूबाट मुक्त हुन ध्यानभावनाका आधारहरू बताएका हुन् । अतः ध्यानबल, पनि साँसारिक प्रपञ्चबाट टाढा रही सरल एवं सुखमय जीवन बिताउने एक महत्त्वपूर्ण उपाय हो ।

"ध्यान" बौद्ध सिद्धान्त अनुसार संलग्नताका साथ एकचित्त हुने भावना हो । चिनिया बौद्धहरू यस ध्यानलाई चान (CHAN) भन्दछन् भने जापानीहरूले जेन (Zen) भन्ने गर्दछन् । भारत, श्रीलङ्का एवं वर्मामा विपश्यनाको प्रचार यसै उद्देश्यले गर्दा भैरहेको छ ।

Downloaded from http://dhamma.digital/

जुन मानव जातिको लागि कल्याणकारी सिद्ध भएको छ ।

ध्यानभावनामा जागृत भैरहनुको अर्थ सचेष्ट जीवन बिताउनु हो । जीवनको सचेष्ट चेतना (Consciousness) ले मानिसको मस्तिष्क पूरातवरले खुल्नगेकन मानिस ज्ञानी (Wise) बन्दछ र ज्ञानी मानिसले ज्ञानको खोजी गर्दैरहन्छ र त्यो मानिस श्रोतापन्न हुन सक्छ । अतः बौद्धमार्गीहरूको यौटा थेगो छ– "प्रज्ञा पारमिता" अर्थात् प्रज्ञाले मानिसलाई सफल बनाउँछ ।

ध्यानभावनाका प्रश्नहरूमा विचार गरियो भने स्वयं यस पंक्तिका लेखकले पनि (Zen Buddhism) को ध्यान अभ्यास गर्दा मनमा निम्न तर्क वितर्कहरूको समाधानका लागि समस्या अनुभव गरेको थियो । ती प्रश्नहरू थिए । १. हामीले ध्यान भावना गर्दा कत्तिको सफल भइएछ भन्ने कुरो कसरी थाहा पाउने होला ? २. ध्यानभावना गर्दा आउने विसंगतिहरू कसरी हटाउन सकिने होला ? ३. ध्यानभावनाका मुख्य मुख्य साधनहरू के के हुन् ? ४. ध्यानभावनाको सीमा कतिसम्म होला ? ५. के यो वैज्ञानिक जमानामा ध्यानभावनाको महत्त्व रहला ? इत्यादि ।

उक्त प्रश्नहरूको उत्तर क्रमशः मैले त्यसबेला पाउँदै गरें जब मेरो मनको दृढताले म ध्यानभावनामा तल्लीन रहें त्यस बेला, मेरा जापानी गुरु यामामोटोले यतिसम्म संकेत गरेका थिए– "तिमीले दिनको एक घण्टा ध्यानमा बसेर प्राप्त गरेको एकाग्र चित्तलाई बाँकी तिम्रो तेइस घण्टामा पनि संलग्न गराउन सक्यौ भने तिमी यस भौतिक संसारमा पनि सुखसँग बाँच्न सक्ने छौ ।" उनको यस उपदेशमा जे

Downloaded from http://dhamma.digital/

कुरा गरिरहँदा पनि आफू त्यस विषयमा अति लगनशील हुने अभिप्राय छ। जस्तै शारीरिक परिश्रम गरिरहँदा, खाइरहँदा, बसिरहँदा, हिंडिरहँदा र सुतिरहँदा समेत कुनै पनि अवस्थामा आफू संयमित, शुद्ध संलग्न एवं सुध्रिने अवस्थामा हुनुपर्ने भयो भने जीवनमा सफलता आइ नै रहन्छ।

बुद्धका पञ्चशीललाई भौतिक जगत्मा उत्तिकै महत्त्व दिँदैआएको कारण पनि ध्यान भावनाको लागि हो। ध्यानभावना गर्नेहरूले धनलाभको असीमइच्छा, यौनेच्छा, कीर्तिको अभिलाषा, मिष्ठान्नको लग्गुपन एवं मृतप्रायः निद्रालाई त्याग्नु भनिएको छ। पञ्चशीलको मूल अभिप्राय पनि यही हो भनिन्छ।

त्यसपछि, मूर्खतापूर्ण कुसंगतिबाट टाढा रहन सक्यौं भने ध्यानभावना गर्ने कुनै मानिसलाई पनि बोधिसत्वगुण प्राप्त पर्ने युग बिताउनु पर्दैन भन्ने उदाहरणहरू यथेष्ट छन्।

ध्यानभावनाको परम्परा हाम्रो देश नेपालमा बज्राचार्यहरूको परम्परा प्राचीन कालदेखि नै रहि आएको छ। उनीहरू त्यस नियमित नित्य दिनको ध्यानलाई "ह्लिकं यायगु" भन्दछन्। अबोध, निर्बोध बाहेक घरका सबै वयस्क परिवारले "ह्लिकं" गर्ने चलन आजसम्म पनि चलाउँदै आएको पनि छ। यस परम्परालाई आगम (ह्लिकं गर्ने पवित्र ठाउँ) देखि आगमसम्म मात्र होइन आगमदेखि जन–मानससम्ममा अभ्यन्तर दिनु बौद्ध उद्देश्य हो। त्यसैलाई दिक्षा भनिन्छ।

माथि भनिएझैं तिब्बतका लामागुरुहरू भन्दछन्– "ध्यानले चित्तकेन्द्र नियन्त्रित हुन्छ; चित्तकेन्द्र नियन्त्रित भएपछि मानिसको

Downloaded from http://dhamma.digital/

मन दृढ भएर "अष्टांगिक मार्ग" मा समर्पित हुन सकिन्छ । अष्टांगिक मार्गले बोधिचित्त प्रादुर्भाव हुन्छ; अनि हामी अर्हत्पदमा पुग्न सक्ने हुन्छौं ।"

"तर, जति दिन ध्यानमा बिताए पनि क्लेशयुक्त मनले ध्यान-भावनाका समयहरू खेर जान दिएको खण्डमा त्यो ध्यान सार्थक रहँदैन ।"

बौद्धभिक्षु एवं भिक्षुनीहरूले २२८ शीलभन्दा बढी नियमहरूको पालन गरी "ध्यान कार्य" जागृत गराइ रहेका उक्त नियमहरूमध्ये हामी साधारण गृहस्थ उपासक उपासिकाहरूले पञ्च इन्द्रियहरूलाई मात्र संयममा राख्नु आवश्यक छ । ध्यानको समय १५ मिनेटबाट बढाएर ५५ मिनेटसम्म दैनिकचर्या अनुसार गर्नुपर्छ । (अर्हत् भिक्षुहरू-ले ३ घण्टादेखि जति सक्छ बढी आफ्नो समयानुकूल गर्ने गर्छन्) ध्यान गर्ने ठाउँ शुद्ध, पवित्र, सफा सुग्घर, एकान्त एवं ध्यान योग्य हुनुपर्छ जहाँ दश अकुशल पापहरू गर्ने वधशाला, द्यूतकर्म, वेश्यालय, वणिक् कर्म वादविवाद एवं वन्यजन्तुको आवास नहोस् ।

ध्यानभावनाको तात्पर्य "त्याग" हो । तर, त्याग भनेर हामीले हाम्रो गृहस्थ-कर्म त्याग्ने अभिप्राय चाहिँ कदापि होइन । गृहस्थ रहँदा आइपर्ने दुःख, संकट आदिको विमोचनको लागि त्यागसाधनाको अभ्यास ध्यानभावना भएकोले ध्यान भावनामा लाग्ने मानिसहरूले अलौकिक सुख पनि अनुभव गर्दछन् । त्यो सुखानुभूति मानिसको संचेतना हो जुन यहाँ यस्तै हो भनेर वर्णन गर्न सकिँदैन । तर, यति भन्न सकिन्छ कि पञ्च इन्द्रियले अनुभव गर्ने सुख भन्ने अनुभव भन्दा

Downloaded from http://dhamma.digital/

फरक मन हलुंगो भै मानसिक तनाव विनाको जीवन बहाव (Flouting of a selfless–human aspiration) ले उनी उत्सर्ग हुन पुग्छन् । अनि "शून्यता" अनुभव गर्ने दुःखनिरोध सत्यको सकृदागामी हुन्छन् । उनले इच्छा अभिलाषाका सपना देख्तैनन् । उनका आँखा सबैको लागि समान हुन्छ ।

उपर्युक्त उद्देश्यको लागि ध्यानभावनाको अभ्यास गर्ने हामीलाई समय–सापेक्ष हुन थाल्छ । एकाग्र हुने उपासक वा उपासिकाले आफ्नो नतिजा ज्ञान चक्षुद्वारा छिटै नै ध्यान अनुकूल पाउँछ । चञ्चल मन हुनेले चाहिँ केही समय बढी लगाएर भएतापनि सो उद्देश्यमा सफल हुन्छन्, बुद्ध स्वयंले बुद्धत्व प्राप्त गर्न प्रथम, द्वितीय, र तृतीय प्रहरको ध्यानसम्ममा अति सचेष्ट रहेका थिए । मार विजय (to be refrained from the disturbances) आफ्नो दृढता अनुसार हुन्छ । अतः ध्यान भावना सबै मानिसको लागि उत्तिकै महत्त्वपूर्ण साधना हो ।

# प्रतीत्यसमुत्पाद

वैशाख पूर्णिमाको राती बुद्धलाई बुद्धत्व प्राप्त भयो । त्यसैबेलादेखि उनी बुद्ध भए । बुद्धलाई त्यस बेला अप्रत्याशित तत्त्वबोध हुँदा उनले चारवटा आर्यसत्य एवं अष्टांगिक मार्ग बोध गरेर ती कुराहरू सर्वप्रथम आफ्ना पाँच भिक्षुहरूलाई बताए ।

Downloaded from http://dhamma.digital/

किम्वदन्ति अनुसार उनले बुद्ध पूर्णिमादेखि सात दिनसम्म बोधि-वृक्षकै मुनि वसेर विमुक्तिको (विमुक्ति सुख) अनुभव गरिरहेका थिए । त्यसैबेला (निदानवग्ग संयुक्त) "प्रतीत्य समुत्पाद" पत्ता लगाए ।

प्रतीत्य समुत्पादको छोटकरीमा यसरी बुझन सकिन्छ जस्तै अविद्याबाट संस्कार, संस्कारबाट विज्ञान, विज्ञानबाट नामरूप, नाम-रूपबाट षडायतन, षडायतनबाट स्पर्श, स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान उपादानबाट भव, भवबाट जाति (जन्म) जातिबाट जरा, मरण, शोक, परिदेव, दुःख दौर्मनस्य, एवं उपायास उत्पन्न हुन्छ ।

अतः हामीले विमुक्तिको निमित्त पूर्ण वैराग्यले अविद्या निरोध र संस्कारको निरोध गर्नुपर्छ । संस्कारको निरोधले विज्ञानको निरोध हुन्छ । विज्ञानको निरोधले नामरूपको निरोध हुन्छ । नामरूपको निरोधले षडायतनको, षडायतनको निरोधले स्पर्शको, स्पर्शको निरोध-ले वेदनाको, वेदनाको निरोधले तृष्णाको, तृष्णाको निरोधले उपादान-को, उपादानको निरोधले भवको, भवको निरोधले जन्मको र जन्मको निरोधले जरा, मरण, शोक, परिदेवन (रुनु कराउनु) दुःख, दौर्मनस्य र उपायासको निरोध हुन्छ ।

दुःखको कारण पत्ता लगाउने उक्त सिद्धान्त जन साधारणको लागि कठिन थियो । यस उसले महायानी भिक्षु नागार्जुनले 'माध्यमिक कारिका' ग्रन्थमा यसै कुरालाई विस्तृत व्याख्या दिएका छन् । त्यस्तै बुद्धघोषको विशुद्धिमार्गमा पनि प्रतीत्यको चर्चा पाइन्छ ।

सार संक्षेपमा प्रतीत्य समुत्पाद अनुसार दुःखको मुख्य कारण

Downloaded from http://dhamma.digital/

तृष्णा हुनु नै हो । कामतृष्णा (प्राप्त भएसम्म सांसारिक विषयवस्तु भोग्ने इच्छा); भवतृष्णा (फेरि जन्मिने इच्छा) र विभवतृष्णा (तृष्णा निर्मूल नगरिकनै मुक्ति प्राप्त गर्ने इच्छा) आदि हुन् ।

अतः बौद्ध दर्शन बुझ्न हेतु सिद्धान्त चाहिन्छ । प्रतीत्यसमुत्पाद भनेको हेतुफल (वाद) हो, यस अनुसार कुनै पनि कार्य हेतुले मात्र हुन सक्छ ।

ये धर्मा हेतु प्रभवा हेतु तेषां तथागतो ह्यवदत्

तेषां च यो निरोधो, एवं वादी महाश्रामणः ।

हाम्रो जन्म र मरणको चक्र पनि प्रतीत्यसमुप्पाद अनुसार नै हुन्छ । निर्वाणको निमित्त यस चक्रको गतिलाई निरोध गर्न आवश्यक छ ।

उक्त चक्रमा उल्लिखित जरा, मरण, जाति, भाव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नाम, रूप, विज्ञान, संस्कार र अविद्या आदि द्वादश निदानहरूमध्ये पनि जन्मको कारण हुने उपायास (मानसिक पीडा) र दौर्मनस्य (मानसिक बेचैनी) ले मानिसको मन शान्ति र स्थिर नभएर दुःखको भुमरीमा परिरहेको हुन्छ ।

अतः यस भौतिक संसारमा दुःखबाट मुक्त हुन बौद्ध सिद्धान्त प्रयोजन सिद्ध भएको कुरो संसारका महा विद्वान्हरूले मानेका छन् । आइन्स्टाइनको भनाइ अनुसार "धर्म बिनाको विज्ञान लंगडो हुन्छ र विज्ञान बिनाको धर्म अन्धो हुन्छ ।" अतः धर्मलाई सिद्धान्ततः मानव मुक्तिको पथगामिनी यन्त्र मान्ने हो भने बुद्धको प्रतीत्यसमुत्पादवादले नै अगुवाइ गर्छ भन्नुमा कुनै अत्युक्ति हुने छैन । विज्ञानको कारण र प्रभाव

Downloaded from http://dhamma.digital/

सिद्धान्तसँग समाहित हुने र यस वादमा जनताको मनस्चित्त स्थिर राख्न बुद्धले बताएको उपायहरूमध्ये अष्टांगिक मार्ग हुन् । अष्टांगिक-मार्गको अभ्यासले जिउँदो छँदै क्लेश मुक्त हुन सकिन्छ । क्लेश मुक्त भएपछि परिनिर्वाणको लागि बाटो खुल्छ भनिए अनुसार क्लेश मुक्त हुने अभ्यासका मानिसहरूलाई अर्हत् भनिन्छ र अर्हत्सम्म भैसकेकालाई कुनै किसिमको स्वप्न दिवास्वप्न एवं सपना विपनाको क्रिया प्रतिक्रिया पनि हुँदैन । अतः उनलाई दुःखको आभास पनि हुँदैन ।

उक्त प्रतीत्यका बाह्रवटा क्रमहरू (Cyclic Order) मध्ये जुनसुकै एक तत्त्वको कमी भएतापनि मानिसको दुःखनिरोधमा बाधा पर्न सकिन्छ । त्यसैले सिद्धान्तः त "भावना" द्वारा आफू दृढ हुनु नै उपायको सफलता मानिएको छ । बुद्धदर्शनका तीन लक्षणहरू अनित्य, दुःख र अनात्म बुझ्नेले दृढताको सम्यक्भावना राख्तछ । बौद्धधर्मको अथवा बौद्धसिद्धान्तको मूल आधार प्रतीत्य समुत्पादमा जाति (जन्म) को कारणले हुने दुःखहरू, निवरण (निर्वाणका बाधाहरू) र दश क्लेशहरूबाट विमुक्ति हुन सकेमा मात्र बौद्धत्वको उद्देश्य सफल हुने देखिन्छ । त्यसैकारण, आफू बौद्ध हूँ भन्ने चेतना भएका मानिसले सधैं सधैं बौद्धचरित्र प्रतिपादन गर्न शोक, दुःख परिदेव (विलाप) दौर्मनस्य र उपायासबाट पर पर रहने उपायहरू सोच्नु अत्यावश्यक छ । अनि मात्र मानिसले जीवनको गन्तव्य पहिल्याउन सकिने छ ।

Downloaded from http://dhamma.digital/

# राहुलसुत्त

मज्झिम निकायमा चूल राहुलोवाद र अम्बलट्ठिक राहुलोवाद भनिएको सुत्त छ । यो सारभूत सुत्त 'सुत्त–पिटक'को पुराना सुत्तहरूको परिचयको लागि अत्यन्तै उपयोगी पनि छ ।

एक समयमा बुद्ध राजगृहसँगै वेणुवनमा रहनुहुन्थ्यो । त्यसैबेला राहुल अम्बलट्ठिका गाउँमा थिए । एकदिन, सन्ध्याको ध्यान–समाधि पछि बुद्ध राहुल भएको गाउँको प्रासादमा जानुभयो । टाढाबाटै बुद्ध आउनुभएको देखेर राहुलले आसन ओछ्याए र हात खुट्टा धुन लोटामा पानी राखे । बुद्धले त्यहाँ पुगेर हात खुट्टा धुनुभयो र आसन ग्रहण गर्नुभयो । अनि राहुलले पनि अभिवादन गरेर बुद्धको सम्मुख बसे ।

बुद्धले हात खुट्टा धोएको लोटामा केही पानी बाँकी थियो । तब बुद्धले राहुललाई सम्बोधन गरेर भन्नुभयो– 'राहुल के तिमीले लोटामा अलिकति बाँकी पानी देख्यौ ?'

'हो, देखें भदन्त !' राहुलले जवाफ दियो । 'राहुल, जसलाई झूठ बोल्नमा लाज छैन, उसको श्रामण्य (कुरो) यो बाँकी पानी झैं त्याज्य (छोड्न लायक) छ ।'

फेरि त्यस लोटालाई उल्टो फर्काएर बुद्धले भन्नुभयो– "राहुल, जसलाई झूठ बोल्नमा रत्ति पनि लाज लाग्दैन उसको कुरा यो लोटा झैं उल्टो सम्झनुपर्छ ।'

Downloaded from http://dhamma.digital/

फेरि त्यस लोटालाई सुल्टो पारेर बुद्धले भन्नुभयो– 'राहुल के तिमीले यस खाली रित्तो लोटालाई देख्यौ ?'

'हो, मैले देखें' राहुलले उत्तर दिए। 'राहुल, असलाई झूठ बोल्नमा कत्ति पनि हिचकिचाहट छैन उसको कुरा यो लोटा झैं नै रित्तौ हुन्छ।'

'हे राहुल, लडाइँको लागि तयार गरिएको राजाको ठूलो हात्तीले खुट्टाले लडाइँको सामना गर्छ, टाउकोले सामना गर्छ, कामले सामना गर्छ, दाँतले सामना गर्छ, पुच्छरले सामना गर्छ तर सुंडलाई बचाइराख्छ। तब माहुतेलाई यस्तो लाग्छ– 'यो हात्तीले सशरीर लडाइँमा सामना गर्न आएतापनि सुंडलाई लुकाउँछ; अतः यसले आफ्नो जीवन पूरै तवरले समर्पण गरेन किनकि यो आफ्नो सुंड बचाउन चाहन्छ।'

'फेरि पनि हात्तीले सुंड सहित लडाईंमा सामना गर्दैरहेको भए माहुतेलाई संग्राम विजय गर्न यस हात्तीले केही कसर बाँकी राखेन' भन्ने हुन्थ्यो।

'त्यस्तै झूठ बोल्नेहरूले पनि कुनै पाप गर्न बाँकी राख्तैनन्। यदि कुनै श्रमणले असत्यलाई राखेर अरू पापहरू गर्न छोड्छन् भने तापनि त्यो सच्चा श्रमण हुन सक्तैन। अतः हे राहुल, तिमीले यस्तो अभ्यास गर्दैरहनु कि हाँसो ठट्टामा समेत झूठो नबोल्नु।'

फेरि अर्को प्रसंग छ।

'राहुल, ऐनाको उपयोगिता के हो ?' 'हेर्नको लागि भन्ते !' 'राहुलले उत्तर दिए। 'राहुल ! यस्तै प्रकारले फेरि, फेरि हेर्न (सोच विचार गर्न) काय, वाचा एवं मनसाले ऐनाको उपयोगिता ल्याउनु–

Downloaded from http://dhamma.digital/

पर्छ। अर्थात् कर्म गर्ने बानी बसाल्नुपर्छ।'

'हे राहुल, जब तिमी कायसा, वाचा र मनसा केही काम गर्न चाहन्छौ भने सबभन्दा पहिले ऐनामा हेर अर्थात् सोच विचार गर। त्यस सोच विचारमा यदि त्यो काम परहितकारी छैन भने एवं परिणाम दुःखदायी हुनसक्छ भने गर्दै नगर। यदि त्यो काम परहितकारी पनि छ र सुखदायी पनि हुन्छ भने अवश्य गर।'

'कायसा, वाचा, मनसाले कर्म गर्नुभन्दा पहिले पनि सोच विचार गर। हाम्रो जीवनको उद्देश्य लोकहित गर्नु हो। लोक अहित हुने काम गर्दै नगर।'

उक्त कुराको व्याख्यामा बुद्धले राहुललाई कुनै काम कुरोमा भूल हुन गए आफ्ना आचार्यहरू कहाँ गइकन प्रायश्चित गर्ने उपदेश पनि पनि दिनुभएको थियो।

त्यस्तै बुद्धले आज्ञा गर्नुहुन्थ्यो– 'हे राहुल, अतीतकालमा जुन श्रमण ब्राह्मणहरूले आफ आफ्नो कायिक वाचसिक र मानसिक कर्महरूको परिशुद्धि गरेका थिए उनीहरूले फेरि, फेरि पनि प्रत्यवेक्षण गरेर नै परिशुद्धि गरेका थिए। भविष्यमा पनि श्रमण ब्राह्मण अथवा बौद्ध धर्मका विज्ञ जनहरुले त्यस्तै फेरि फेरि पनि प्रत्यवेक्षण गरेर आफ आफ्ना काम कर्तव्यहरू परिशुद्धि गर्नेछन्। 'त्यसैकारण, हे राहुल, पुनः पुनः प्रत्यवेक्षण गरेर कायिक, वाचसिक, मानसिक कर्महरुको परिशुद्धि गर।'

'आयुष्मान् राहुलले मुदित मनले बुद्धको उक्त बचन ग्रहण गरे।

उक्त सुत्तहरूमध्ये सुत्तनिपातमा आएका तीन सुत्त 'मुनिगाथा'

Downloaded from http://dhamma.digital/

'नालकसुत्त' र 'सारियसुत्त' पद्यमा छन् र अरू चार सुत्तहरू गद्य-मा छन् ।

व्याख्या अनुसार कायिक तथा वाचसिक अकुशल कर्म हुन गएमा शास्ता या विद्वान् सब्रह्मचारी आचार्यहरूकहाँ गएर प्रायश्चित् गर्ने र त्यस्तो भूल फेरि नगर्ने; मानसिक अकुशलको लागि यो नियम लागू छैन । बरू यसको लागि आफैंले पश्चात्ताप गर्नु भन्ने छ । फेरि पश्चात्ताप पछि त्यस्तो अकुशल विचार न ल्याउनु भन्ने उपदेश छ ।

सुत्तपिटकको महत्त्व यसैमा छ र वर्तमान बौद्ध जगत्मा यस्तो परिशुद्धि प्रथा निरन्तर रहने विधि विधान संघहरूमा छ छैन, यासोको विषय पनि हो ।

# मार–विजय

मनस्तत्व र मनश्चिन्तनाको सन्तुलनले जुन सुकै समस्या पनि हल गर्न सकिन्छ । विघ्नबाधा हटाएर पुनीत उद्देश्य प्राप्त गर्न आन्तरिक एवं वाह्य कारण बुझेर प्रयास गर्न सक्नु नै ध्यान हो । ध्यानको महत्त्व प्रत्येक व्यक्तिको जीवनको हरेक पल पलमा हुनु नै उनको सफलताको कसौ हुन्छ । अतः जीवन साधनामय हुनुपर्छ । ध्यान भावनाद्वारा साधक सधैं सचेष्ट हुनु नै उनको जीवन पद्धतिको वैज्ञानिक सफलता हुनेछ । मारविजय यही प्रसङ्गमा समाहित छ ।

Downloaded from http://dhamma.digital/

महाभिनिष्क्रमणपछि बुद्धले जहाँतहीँ ज्ञानको खोजी गरेका थिए। उक्त तत्व चिन्तनाको अभियानमा उनले धेरै किसिमका कठिनाइहरू पनि भोगे। कुनै पनि ज्ञानी ध्यानी भनाउँदाहरूले उनको जिज्ञासा पूरा गराइदिन सकेन।

तत्कालीन दार्शनिकहरू पनि आफ, आफ्नै ढोंगमा मस्त थिए। संसारका अबोध निर्बोध मानवजगत् दिग्भ्रममा कहालिरहेका थिए।

बुद्धले आफ्नो अभियानको निरन्तरतामा सार पाउन तपश्चर्या-मार्ग छोडेर सरल ढङ्गले ध्यानमार्ग अपनाएर तल्लीन हुन थाले। त्यसै बेला मारहरूले ध्यानसाधना छिन्न भिन्न पार्न उनीमाथि हमला गरे। उक्त मारहरूले गर्दा उनलाई अशान्ति, बेचैनी एवं अप्ठयारो परिस्थि-तिमा पर्न लागेको उनले आफ्नो मनोयोगद्वारा मन स्थिर राखेर दृढताका साथ सामना गर्न थाले। अर्थात् मनका ३ प्रकारका चेतना, सु–सुप्त, अर्धचेतनतालाई सचेष्ट बनाए।

क्रमशः नैरञ्जना नदीको किनारमा उनी ध्यानमग्न छंदा करूण स्वरले बोल्ले मारले सम्बोधन गऱ्यो– तिमी कृश, दूर्बल एवं दुर्वर्ण भै-सक्यौ, अब तिमीलाई लैजान काल आइहाल्न लागेको छ। तिमीलाई हज्जार खण्ड भएर मर्नु थियो। अब हज्जारमा एकमात्र बाँकी छ। मान्छे! तिमी बाँच्न खोज। बाँच्नु राम्रो हुन्छ। तिमी जीउन सक्यौ भने राम्रा राम्रा कामहरू गर्न सक्छौ। यदि तिमी ब्रह्मचर्यमा रहेर अग्निहोत्रपूजामा लाग्न सक्यौ भने धेरै पुण्य कमाउने छौ। यसको अलावा, निर्वाण मार्ग कठिन छ। जाऊ, तिम्रो त्यो तप ध्यान बन्द गर।'

उक्त मारलाई बुद्धले भन्नु भयो– 'हे असावधानीहरूका परम

Downloaded from http://dhamma.digital/

मित्र मार ! तिमी म कहाँ किन आइपुग्यौ भन्ने कुरो मलाई राम्ररी थाहा छ किनभने म सचेष्ट छु। तिमीले भने झैं का पुण्यहरू मलाई बटुल्नु छैन। जसलाई त्यस्तो पुण्यको लोभ लाग्दछ उसैलाई तिमी आफ्नो सल्लाह दिन जाऊ।' 'मसँग श्रद्धा छ, त्याग छ वीर्य छ, प्रज्ञा छ र अठोट पनि छ। म एकचित्त गर्न सक्नेलाई तिम्रो कलुषित उपदेशको आवश्यकता छैन। यो पावन नदीलाई पनि तिमी सुकाउन सामर्थ्य हुनेछौ तर म जस्तो दृढ मानिसको रगत तिमीले सुकाउन सक्तैनौ।

तर, म कृश भएँ भने झैं म मेरो आफ्नै प्रयत्नबाट रगतको सुक्दो अवस्था भएता पनि मेरो चित्त एवं श्लेष्म विकार सुकेर जानेछ र मेरो देह सुकेर गएता पनि चित्त अति प्रसन्न भएर स्मृति, प्रज्ञा र समाधिको उत्तरोत्तर वृद्धि हुँदै जानेछ। उपर्युक्त प्रकारले उत्तम सुख लाभ हुनेछ। तब मेरो चित्त कामोपभोगमा लाग्ने छैन।'

हे मार ! तिम्रो पहिलो सेना कामोपभोग हो। दोश्रो सेना असन्तोष हो। तेश्रो सेना भोक प्यास एवं चौथो सेना भयानक तृष्णा हो। पाँचौं आलस्य, छैठौं भीति, सातौं कुशंकार र आठौं अति अभिमान हो। नवौं लाभ, सत्कार र पूजा हो। दशौं झूठो मार्गबाट पाएको कीर्ति हो जुन कारणले मानिस स्तुति र निन्दाको ठूलो अभ्यास गर्दछ।'

'हे नमुचि मार ! मानिसको जीवनलाई प्रहार गर्ने यस्तो सेनाका मालिक तिमी हौ।'

तर, म प्रतिज्ञाबद्ध छु। तिमीसँग म हारें भने मेरो जिउनु पनि व्यर्थ हुनेछ। हारेर म बाँच्दिन। 'कतिपय श्रमण ब्राह्मण तिम्रो मतमा लागिरहेका पनि छन्। धोखा खाइसकेका पनि छन्। विस्मृतिबाट

Downloaded from http://dhamma.digital/

रसातल पुगेका पनि छन् । भुलभुलैयामा रुमल्लिरहेका पनि छन् ।'

अतः जो मानिस साँच्चैको त्यागी छ उनी तिम्रो पछि लाग्दैन" र महान् हुन्छन् ।'

यस्तो प्रतिज्ञाबद्ध सम्वाद सुनिसकेपछि मार बुद्धसँग टिक्न सकेन । उनी– 'मैले छ वर्षसम्म बुद्धको पछि, पछि लागेर पनि उनलाई दिग्भ्रम गर्न सकिन, म असफल भएँ, मेरो कोशीश व्यर्थ गयो ।' भनेर अन्तर्धान हुन पुग्यो ।

उक्त मारविजयको सारसंक्षेप ललितविस्तरको अंश हो र मार भगाउनु नै बुद्धको बोधिज्ञानको पहिलो खुड्किलो थियो ।

अतः मार विजय वैज्ञानिक आधार वा प्रसङ्गमा मनोविज्ञानको विषय वस्तु हो । बुद्धको मनोभावनामा दृढसङ्कल्प हुनु नै सचेष्टताको पूर्ण फल थियो । मानिस सधैं स्मृतिवान् हुनुपर्छ । सचेष्ट भै रहनुपर्छ ।

वेहोसी जीवन सधैं चुँडिन लागेको चङ्गा झैं हुन्छ । बुद्धको सम्यक् सम्बोधि ज्ञान लाभको लागि प्रथम ध्यान, द्वितीय ध्यान तृतीय ध्यान एवं चतुर्थ ध्यानको (विपश्यना) यसै हेतु भित्र सन्निहित थियो ।

उनी भन्छन्– 'सङ्कल्पलाई आफ्नो अधीनमा राखेर स्मृतिलाई सधैं जागा गराई म देश विदेश घुमेर अनेक श्रावकहरूलाई 'आफू होशमा रहन सक्ने' उपदेश दिँदै जानेछु ।

'होशमा रहेका चेतनशील मानिसले दुःखको भवचक्र पार गर्न सक्तछ ।'

साँच्चै, मानिस मात्रको कल्याणको लागि अगाडि बढ्ने जुनसुकै व्यक्तिलाई पनि मारले अप्ठ्यारो स्थितिमा पार्न सक्छ । मारबाधा

Downloaded from http://dhamma.digital/

भनेको आफ्नै चित्तमा क्लेश जम्मा हुनु हो । कुशल चित्तमा उत्पन्न हुने अकुशल चित्त नै मार हो । कामवासना, असन्तोष, भोक प्यास, तृष्णा एवं क्लेश चित्तलाई हटाएर नै गौतम बुद्ध साँच्चैको बुद्ध हुन सक्नु भयो ।

यसको अर्थ यहाँ सम्झनुपर्ने पनि यत्ति नै हो कि मनोविकार माथि जसले विजय प्राप्त गर्न सक्छ उसैले मात्र मार–विजय गर्ने छ ।

# सिद्धार्थको गृह त्याग

सिद्धार्थ गौतमले गृह त्याग गरेको कारण स्वयं बुद्ध भैसकेपछि आफैंले भनेको कुरो अत्तदण्डसुत्तमा व्याख्या गरिएको छ । जुन पाली भाषाको पाठमा छ र त्यसको संक्षिप्त अर्थ यस्तो छ–

१. शस्त्र धारण डरलाग्दो लाग्यो । यसरी शस्त्रद्वारा मानिसहरू कसरी आपस, आपसमा लड्दछन् । हेर ! मलाई संवेग कसरी उत्पन्न भयो त्यो म भन्छु ।

२. अपर्याप्त पानीमा जसरी माछा छटपटाउँछन् । त्यसरी नै एक अर्कोसँग विरोध गरेर प्रजाहरू छटपटाइ रहेको देखेर मेरो अन्तःकरणमा भय उत्पन्न भयो ।

३. चारैतिर जगत् असार झैं लाग्यो । सबै दिशाहरू काँप्न थालेको जस्तो लाग्यो । आश्रयको लागि निर्भय ठाउँ कहीं पाइएन किनभने

Downloaded from http://dhamma.digital/

अन्तसम्म पनि जनता परस्पर विरोध गरिरहेको देखेर मलाई वाक्क लाग्यो ।

जातक अट्ठ कथामा यौटा यस्तो कथा पनि छ– रोहिणी नदीको पानीको लागि शाक्य र कोलियहरूको झगडा सधैं भैरहन्थ्यो । एक पल्ट ती दुवै थरीका सेनाहरू हथियार भिरेर त्यस ठाउँमा लड्न कै हेतु जम्मा भए । त्यो देखेर भगवान् बुद्धले त्यहाँ गइकन दुवै थरीलाई सुत्तको उपदेश दिन थाल्नुभयो । यस सुत्तको अन्तिम निचोड के थियो भने शस्त्र ग्रहणले सर्वत्र विजय प्राप्त गर्न सकिंदैन । अतः शस्त्र–निवृत्ति मार्ग नै सबैको लागि स्वीकार योग्य कुरो हो ।

बुद्धको प्रब्रज्याबारे सुत्तनिपातको पब्बज्जासुत्तमा गाथाहरू छन् । त्यस्तै मज्झिम निकायमा पनि छन् । बुद्ध भन्नुहुन्छ– हे अग्गिवेस्सन, सम्बोधि ज्ञान हुनु भन्दा अगाडि नै गृहस्थाश्रम संकुचित वातावरणमा छ भने प्रब्रज्या खुल्ला हावामा छ । गृहस्थाश्रममा बसेर अत्यन्त परिपूर्ण एवं परिशुद्ध ब्रह्मचर्यको आचरण गर्नु सम्भव छैन अतः मुण्डन गरेर काषाय वस्त्र लगाइकन घरबाट हिंड्नु नै श्रेयस्कर देखिन्छ ।

त्यस्तै, अरिय परियसन सुत्तमा पनि उस्तै तर कुराको अलग व्याख्या पनि दिइएको छ । भगवान् बुद्ध भन्नु हुन्छ,–हे भिक्षुहरू ! सम्बोधि ज्ञान हुनु भन्दा अगाडि जब म बोधिसत्व थिएँ तब म स्वयम् जन्म–धर्मी भएर नाता कुटुम्वहरूमा फंसेको थिएँ । अर्थात् म यिनी-हरूसँगै सुख खोज्दथें । स्वयं जराधर्मी भएर, व्याधि धर्मी भएर एवं मरणधर्मी भएर शोक धर्मीको रूपमा घुमिरहेको थिएँ । पछिबाट यो

Downloaded from http://dhamma.digital/

ठीक भएन भन्ने कुरो मनमा लागि सकेपछि नै मैले निर्वाण पदको लागि खोजी गरें ।

उपर्युक्त अभिव्यक्तिहरूबाट बुद्धले प्रव्रज्या लिनुका ३ कारणहरू देखिन्छन् ।

१. आफन्तहरूको लडाइँ, झगडा
२. घरको वातावरण (दार्शनिक दृष्टिकोणमा) दूषित देखिनु ।
३. स्वयं जन्म, जरा, मरण, व्याधि र शोकसित सम्बद्ध भएता पनि आसक्त न हुनु ।

एवं बोधिसत्व हुनुको (त्यस्तो अवस्थाको लागि) पृष्ठभूमिमा उनी प्रव्रज्जित हुन सक्ने संभावित प्रक्रियामा जन्मेको कारणले उत्ती विरक्तिनुमा कुनै सन्देह थिएन ।

त्यस्तै, उक्त तीन कारणहरूमध्ये शाक्य र कोलियहरूको द्वन्द्वको कारणलाई पनि सबभन्दा बढी महत्त्व दिएको पाइन्छ । उक्त कारण कै सन्दर्भमा पछिबाट हामीले "मध्यम मार्ग" सम्झनको लागि सजिलो उपाय पत्ता लगाउनेछौं । तर, बौद्धधर्ममा बुद्धले–बूढो, रोगी, मृतक र साधु यी ४ थरिका मानिसहरू देखेर नै विरक्तिएर भएको मात्र चर्चा गर्दछन् । शुद्धोदन महाराज स्वयंले खेतीको रोपाइँको लागि वर्षेनी "कृषि दिवस" मनाएर बाली लगाउने गरिरहेको बेला गौतम बुद्धलाई पनि खेतमा लग्ने उनको बाल्यकालको घटना धेरै पुस्तकहरूमा उल्लिखित छन् ।

उसै बेला बालक सिद्धार्थ गौतमले एउटा रूखमुनि ध्यान गर्दथे र उनले प्रथम ध्यान पनि प्राप्त गरेका थिए । यस प्रथमः ध्यानको

Downloaded from http://dhamma.digital/

परिभाषामा २६ विषय दिइएता पनि चिन्तना चिन्तनको विषय मैत्री करूणा, मुदिता र उपेक्षामा नै निहित भएको होला भन्ने धारणा राख्दछ किनभने यिनै चार महत्त्वपूर्ण कुराहरू नै समाधि मार्गको साँचो (Key Point) हो ।

अतः रोहिणी नदीको पानीको विवादको कारण, चार किसिमका (बुढो, रोगी, मृतक र साधु) मानिसहरू देखनुको कारण इत्यादिबाट पनि छुट्टै अर्को यौटा कारण सिद्धार्थको गृहत्यागको सम्बन्धमा भन्न (उल्लेख गर्न) सकिन्छ त्यो हो– "बुद्धवाद" अथवा भारतमा समाजको स्थिति राख्न खोज्ने वैदिक कर्मकाण्ड । पूजापाठबाट वाक्क भएर रहेका जनतालाई भुलभुलैयामा पारेर ब्रह्मज्ञानको प्रचार भै रहँदा तत्कालीन शासकहरूलाई शान्ति थियो तापनि आत्मवादको प्रतिरोध भौतिकवादमा आइरहँदा बुद्धले पनि अभौतिक अनात्मवादको चिन्तना (प्रस्तुतिको लागि आदि बुद्धको प्रसंग पनि यथेष्ट छ) गर्नु अस्वाभाविक थिएन ।

उपर्युक्त विचार शृंखला तत्कालीन समाज र राज्यव्यवस्थाको वातावरण थियो । मेधावी सिद्धार्थ गौतमले गृहत्याग गर्नुको मूल प्रसंग त यिनको वैरागी मनोभावनाको जोडतोड नै थियो तापनि संघर्षको विकृति देख्न न चाहने शान्तिप्रिय व्यक्तित्वले पहिले पहिले पनि देखिसकेको भएतापनि उद्यान–दर्शनको साँझमा हृदयको भित्री आँखाले समेत (मर्मको अवलोकन) बुढो, रोगी, मृतक र साधुको अपरिमित दुर्दशा देख्नु भएको थियो ।

जुन रात महाभिनिष्क्रमणको घटना हुने थियो उनी राजप्रासाद मै थिए । उनको लागि सुन्दरीहरूले वाद्यगीतहरूद्वारा दिल बहलाउन

Downloaded from http://dhamma.digital/

कोशीश गरिरहेका थिए । तर, सिद्धार्थको विरक्त मन फर्केको थिएन । आखिरमा ती महिलाहरू पनि थाकेर सुतेछन् । निन्द्रामा कोही बर्बराई-रहेकी थिई । कसैको मुखबाट र्‍याल (थुक) निस्किरहेको थियो । यस्तो देखेर सिद्धार्थलाई झन घिन लाग्यो र तल गइकन सारथी छन्दकलाई जगाउन गए । छन्दकले कंथक भन्ने घोडा सजाएर ल्याए जसमा सिद्धार्थ चढे । छन्दक पछि, पछि लाग्यो । दरवारका ढोकाहरू खुल्दै-गए । नगरको ढोकाबाट पनि बाहिर अनोमा नदीमा आइपुगे । त्यहाँ सिद्धार्थले आफ्ना रौं तलवारले खौरे । आभूषण छन्दकको हातमा फिर्ता दिइपठाए ।

सिद्धार्थको वियोगमा कन्थक घोडाले नदी छेउमै प्राण त्याग गरे । यो निदान कथाको सारांश हो ।

तर "अरियपरियेसनसुत्त" मा अर्कै कुरो लेखिएको छ । "सो खो अहं भिक्खवे अपरेन समयेन......अना गारियं पब्बजिं । "अर्थात् हे भिक्षुहरू, यस्तो विचार गर्दा गर्दै केही बेरपछि" यद्यपि म उस समयमा युवक नै थिएँ, मेरो रौं फुलेकै थिएन, म तरूण अवस्थाकै थिएँ मेरो बा आमाले मलाई प्रव्रज्या लिन मनाही गरिरहनुभएको थियो आँसु झारिरहेका थिए, म सन्यासी बनेर आएँ । स्मरण रहोस्, उक्त प्रसंगमा सिद्धार्थको सन्यास ग्रहण देखि उनका परिवार अनभिज्ञ थिएनन् ।

अतः उक्त आधारहरूलाई विचार गर्दा सिद्धार्थको गृह त्यागका कारणहरू धेरै थिए । प्रसंगवश अर्जुन पाखिनज्यूले (आनन्द भूमि पत्रिकाका लेखक) पनि रोहणी नदीको खिचोलाको कारणले नै बुद्ध

Downloaded from http://dhamma.digital/

विरक्तिएका थिए भन्ने कुराको चर्चा गर्नुभएको थियो ।

पच्चिस सय वर्ष अगाडिको कुरा हो । त्यसबेलाका महासामन्त-हरू धर्मको माध्यमद्वारा अत्याचारको व्यवहार गर्दथे । अतः उनी चाहीं यस अत्याचारको भूमरीबाट उम्कूं भन्ने मात्र भावना नभै लोक-हितको लागि नै समर्पित होऊँ भनेर लागेको हुनुपर्छ । अतः बुद्धले प्रतीत्य–समुत्पाद अथवा क्षणिकवादको पनि व्याख्या गरे । मानव मुक्तिको लागि प्रयास गरे ।

तर, यौटा मूल कुरो के हो भने बौद्धहरू अब धमाधम फेरि अन्धविश्वासमा फँस्न लागेका छन् । अट्ठ कथाको आधारमा भए नभएका बखानहरूको चर्चा गर्दै इतिहास धमिल्याइरहेका छन् ।

अतः बौद्ध धर्मको मूल प्रवाहबाट पन्छिन खोज्दै आडम्बरमा विश्वास गर्न थाल्यौं भने सुनको बुद्धमूर्ति अगाडि प्रदीप पूजा गर्दै मौलिक बौद्धज्ञान एवं बौद्ध चरित्रलाई धराशायी हामी नै पार्दै जानेछौं ।

# नेपालमा बौद्ध–धर्म

राजकुमार सिद्धार्थको जन्म हाम्रो पश्चिम नेपालको सीमान्त लुम्बिनीमा भएको थियो । उनका पिता कपिलवस्तुका राजा शुद्धोदन र माता मायादेवी थिए । सिद्धार्थको जन्म, बोधिज्ञान प्राप्ति र महा

Downloaded from http://dhamma.digital/

परिनिर्वाण वैशाख पूर्णिमाको शुभ दिनमा संसारभर बुद्ध जयन्ती मनाई आएको छ ।

भगवान् बुद्ध शास्ता थिए । उनले संसारको दुःख राम्ररा बुझे । दुःखको कारण तृष्णा नै हो भन्ने कुराको अठोट गरे । दुःख हटाउने उपाय दिए । एवं दुःखेसो तार्ने सबै भन्दा ठूलो उपाय त्याग एवं विश्व शान्ति नै हो भनी बताए । त्यसै कारणले गर्दा संसारका सबै जनताले आज बुद्धलाई नै शान्ति नायक धर्म गुरुको रूपमा सम्मानित गर्दै आएका छन् ।

उनका सन्देशहरू यस प्रकारका छन्ः–

"तृष्णालाई हटाउनु पर्छ । आफ्नो दोष आफैले देख्न सक्नु पर्छ । आफूलाई आफैले चिन्नु पर्छ । त्यागको भावनालाई हृदयंगम गरी सदा कर्तव्य परायण हुनु पर्छ । अरूले के गरे र के गरेनन् भनी अर्काको दोष देख्ने बानी छोड्नु पर्छ । यही नै दुःखमय जीवन हटाई सुखमय जीवन पहिल्याने बाटो हो ।" यसरी ४५ वर्षसम्म बहुजन हिताय बहुजन सुखायको सन्देश दिदै ८० वर्षको उमेरमा उनको महा-परिनिर्वाण भयो । उनैको महान् उपदेशको आधारमा हामी नेपाली जनताले दिल खोलेर बुद्ध जयन्ती मान्दै आएका छौं । श्रद्धा भेटी चढाएर वैशाख पूर्णिमाको कार्यक्रम भव्य रूपमा चलाई आएका पनि छौं । सोही उपलक्ष्यमा नेपालमा यस बौद्ध धर्म विषयको संक्षिप्त इतिवृत्त सामयिक ठहरिने छ । जुन यस प्रकारले छन्ः–

बुद्धत्व प्राप्त गरि सकेपछि तथागतको अभिमुख लुम्बिनीतिर भएको ऐतिहासिक तथ्यबाट नै बौद्ध धर्मको व्याख्या नेपालमा शुरू

Downloaded from http://dhamma.digital/

हुन्छ । अनि शाक्यवंशको बौद्धमत ग्रहणको विस्तारले प्रसारित बौद्ध धर्म ग्रहण गर्ने काठमाडौं उपत्यकाका राजा जितेदस्तीको नाम आउँछ। सम्भवतः नामुदा भगवान् (नमो बुद्ध) को कीर्ति उनैको हो । क्रमशः बज्राचार्यहरूको संरक्षणमा पल्लवित बौद्ध धर्मलाई बौद्ध धर्मका महान् विद्वान् नागार्जुनले बौद्ध मतमा महायानी सन्देशको प्रादुर्भाव गराएपछि नेपालका ब्राह्मणादि र तामाङ्ग, सेर्पा, लेप्चा, किराँती, गुरुङ्ग, र नेवार जातिले सर्व प्रथम यस धर्मलाई ग्रहण गरे । लगत्तै, चिन्तनशील हिन्दू-जातिले पनि यसतिर ध्यान दिए । त्यसैले, नेपालमा महायानीबाट बौद्ध धर्मको स्वरूप लामावादको पनि सन्दर्भ रह्यो । बौद्धत्व पनि जागृत रह्यो । धर्म समन्वय हुँदै आए । अन्तरालमा थेरवादी प्रतिभा-हरूको प्रयासले अन्तर्राष्ट्रिय स्तरमा बौद्ध मतको विकास हुँदै लोकानुकुल हुँदै आए । उपरोक्त इतिहासको काल गणनामा आजभन्दा २५३३ वर्ष अघि मायादेवीको गर्भबाट जन्मेका गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा सम्राट् अशोकले बुद्ध जन्मेका तीन सय वर्षपछि पदार्पण गरि बुद्ध स्मृति एवं अशोक स्तम्भ गाडेका थिए । उक्त स्मृति स्तम्भमा यो कुराको उल्लेख छः—

(क) जब सम्राट् अशोकको राज्य शासनको २० सौं वर्ष भयो तब महान् सम्राट् आफैं यहाँ आउनु भयो र शाक्यमुनि बुद्धको जन्म-स्थलमा पूजा गर्नुभयो ।

(ख) उहाँले शिला स्तम्भ खडा गराउनु भयो र भगवान् बुद्धको जन्म स्थल चिनाउनु भयो ।

(ग) त्यसको उपलक्ष्यमा उहाँले लुम्बिनीका वासिन्दाहरूलाई कर मुक्त

Downloaded from http://dhamma.digital/

गरि दिनु भयो । त्यसको लगत्तै आठ वर्ष पछि अर्थात सातौं शताब्दीमा चिनीया यात्री ह्वेन सांगले त्यस ठाउँको दर्शन गरी गए । ह्वेन सांगको यात्रा वर्णनमा लिच्छवी राजा अंशुवर्माको उल्लेख छ र सम्भवतः उक्त सातौं शताब्दीदेखि चीन र ल्हासामा नेपालको बौद्धमत पुगेका थिए । हाम्रो इतिहासको पृष्ठमा तिब्बत (ल्हासा)का राजकुमार स्रोंग चोन गम्पोसँग महासामन्त अंशुवर्माकी छोरी भृकुटीले विहा गरेकी थिइन भन्ने विवरण छ । त्यस्तै विहारको राजकुमारी चारूमतीले ललितपत्तन (हाल ललितपुर अन्तर्गत) का राजकुमार देवपालसँग विहा गरी चारूमती विहार बनाएको भन्ने उल्लेख छ । उनै विहारको सन्दर्भमा अरू कैयौं विहारहरू निर्माण भई बौद्ध–धर्मको प्रचार, प्रसार भएको गौरव हाम्रो देशको लागि अद्वितीय रहेको पनि छ ।

फेरि राजा नरेन्द्रदेवको पालादेखि चीन र नेपालको दौत्य सम्बन्ध अविछिन्न रहेको इतिहासमा बौद्ध–धर्मको सन्दर्भ यथेष्ट छ । उही बेला मङ्गोल प्रशासक (चेङगेज खाँ) को चिनीया दरवारमा हाम्रा युवा कलाकार अरनिकोको उपस्थितिले गर्दा नेपालको बौद्ध स्थापत्य कलाको महत्त्व बढ्नुको साथै बौद्ध–धर्मको समृद्धि हुँदै गएको अभिलेख छ ।

त्यस्तै भारतबाट नालन्दा विश्वविद्यालयका बौद्ध विद्वान् शान्तरक्षिता, कर्मशील र दीपङ्कर एवं ल्हासाका विद्वान् अटिसा भन्नेले नेपालमा बौध–धर्म ग्रन्थहरूबारे प्रशस्त अनुसन्धान कार्यहरू गरेका थिए ।

Downloaded from http://dhamma.digital/

भारतमा नवौं शताब्दीको शङ्कराचार्यको सांघातिक विरोध द्वारा विलिन हुन गएको विहारको, बौद्ध–धर्मको सुरक्षा नेपालद्वारा भएको थियो र नेपालमा समेत भएको अतिक्रमणले गर्दा ६०० भन्दा बढी बौद्ध ग्रन्थहरू जापान, चीन र इन्डोनेशिया पुगेको तथ्य इतिहास प्रशस्त छ। फलतः अट्ठारौं शताब्दीको अन्त्यसम्म सुषुप्त रहेर १९ सौंको पूर्वार्धदेखि पुनः जागृत बौद्ध सिद्धान्त अनुरूप एशियाको साथै नेपालले पनि फेरि बौद्ध–धर्मको पृष्ठलाई बलियो बनाए।

वर्तमान युगको सन्दर्भमा बौद्ध विद्वान् धर्मादित्य धर्माचार्य (ललितपुर) ले नेपाल एवं भारतको भूमिबाट बौद्ध–धर्मको प्रचार गरेको तथ्यबाट बौद्ध–धर्मको गौरव अतीव महत्त्वपूर्ण भएको छ। उनैको भगीरथ प्रयासले गर्दा बौद्ध संघको नियमहरूमा सुधार हुँदै गएको, बैशाख पूर्णिमाको पुनीत पर्व चल्दै गएको अन्तर्राष्ट्रिय बौद्ध विद्वान्हरू नेपालमा सम्पर्क राख्न सफल हुँदै गएको बौद्ध दर्शनका प्रकाशनहरूको थालनी एवं "बुद्ध धर्म संघ" भन्ने नेपालको सर्वप्रथम मासिक पत्रिका (कलकत्ताबाट) को प्रकाशन भएको छ।

त्यसपछि राणाकालीन दमन चक्रको सिलसिलामा काठमाडौं (कान्तिपुर) बाट निष्कासित बौद्ध भिक्षुहरूको जट्टाले भारतबाट र दमन चक्रको सिलसिलामा वर्ग संघर्षको घृणित षड्यन्त्रबाट विचलित (दुःखित) चिन्तनशील बज्राचार्य बौद्ध विद्वान्हरूले बौद्ध–धर्म सम्बन्धी प्रकाशनहरू गरी आ–आफ्नो क्षेत्रबाट सेवा गरेको कुरा यस विवरणसँग सन्निहित छ। स्मरण रहोस्, कान्तिपुरका श्री निष्ठानन्द बज्राचार्यको ललितविस्तरको प्रकाशन एवं श्री रत्नबहादुर बज्राचार्यको पूण्याग्रदूत

Downloaded from http://dhamma.digital/

र बोधिचर्यावतारको प्रकाशन उनै ताका भएको थियो । त्यस्तै धर्मोदय सभाको उदयारम्भ र भारत नेपालका बौद्ध भिक्षुहरूले श्रीलंका, वर्मा र थाइल्याण्डसँग सम्बन्ध राखेर गरेको बौद्ध–धर्मको विस्तारले वातावरण तयार भई धर्मको विवेक राख्ने नेपाली जनताले अन्तर्राष्ट्रिय स्तरमा आफूलाई चिनाए । स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको संरक्षणमा चतुर्थ विश्व बौद्ध सम्मेलन भएबाट हामी सवाकोटी नेपाली बौद्ध दर्शनको लागि गौरवान्वित भयौं । स्मरण रहोस् धर्मोदय सभाका संस्थापक महासचिव भिक्षु महानाम "कोविद" हुनुहुन्थ्यो ।

भदन्त आनन्द कौसल्यायन, नारद महास्थविर, चन्द्रमणि, महाप्रज्ञा, कर्मशील अमृतानन्द, धम्मालोक, बुद्धघोष एवं ज्ञान-पूर्णिक जस्ता विद्वान् बौद्ध भिक्षुहरूको प्रयासले समुन्नत नेपालको बौद्ध–धर्ममा आज अति उन्नत बौद्ध संघ छ। संयुक्त राष्ट्र संघका भूतपूर्व महासचिव श्रद्धेय स्व. ऊथान्तको महाप्रेरणाद्वारा लुम्बिनीको विकासद्वारा भगवान् बुद्धको धर्म–प्रचार हुँदैछ । त्यसै कारण उनको लुम्बिनी विकासको लागिको प्रयासको प्रशंसा जति गरे पनि थोरै हुन्छ ।

अन्तमा, भगवान् शास्ता, गौतम बुद्धको युग युगको शान्तिको महान् आह्वानलाई पुनः स्मरण गराउँदै वर्तमान श्री ५ महाराजा-धिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मौसूफका राज्याभिषेक सोल्लास वातावरणमा घोषणा भएको नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव पनि विश्व शान्तिको मानव उदारको लागि महान् आह्वान भएको छ । उनै विश्व धर्म र बुद्ध भगवान्को दर्शनको महत्ता बुद्ध वचन, बुद्ध–धर्म र बुद्ध संघ शक्तिको खातिर आज हामी मानव मात्र-

Downloaded from http://dhamma.digital/

को हित चिन्तना गरी विश्व शान्तिको लागि बुद्ध जयन्ती मनाऔं। हाम्रो उद्देश्य यही छ।

# अन्तिम प्रव्रज्या

सुत्त पिटकको दीर्घ निकायमा लेखिएको महापरिनिब्बाण सुत्तको आधारमा उल्लेख गर्दा गौतम बुद्धले चुन्दकहाँ भोजन गर्नु भएर कुशिनारा फर्कनु हुँदा उहाँलाई विसंचो अनुभव हुँदै आइरहेको थियो। त्यसंकारण, आफूसँगै आइरहेको भिक्षु आनन्दलाई भन्नु भयो– "हामी यो खोलो तरेर त्यो मल्लहरूको साल निकुञ्जमा विश्राम गर्न जाऔं।" त्यसपछि, उहाँहरू त्यहींसम्म हिंडेर पुग्नु भयो। अनि, बुद्ध आफ्नै पनमा सिंह झैं बसेर उपर खुट्टी लगाउनु भै सिधा आसनमा लेट्नु भयो।

बुद्धलाई शारीरिक वेदना हुँदै आएको जस्तो देखेर भिक्षु आनन्दको गह भरियो। विरह थाम्न न सकेर उनी बाहिर संघारमा गई रुन थाले। यो कुरो गौतम बुद्धले थाहा पाएर उनलाई बोलाउन पठाएर यस्तो आज्ञा गर्नु भयो– आनन्द, यस संसारमा आफूलाई मन पर्ने मानिससँग पनि विछोड हुन सक्ने नियम छ। यो संसार अनित्य छ। आनन्द, तिमीले यस कुरालाई बुझ्न सके मात्रै तथागतको सिद्धान्तलाई पुरा तवरले बुझ्न सक्नेछौं।

Downloaded from http://dhamma.digital/

त्यसपछि, सुभद्द भन्ने एक जना योगीलाई भगवानबुद्धलाई आराम न भएको कुरो थाहा भयो। त्यस ध्यानी ज्ञानी योगी सुभद्दलाई यो पनि थाहा लाग्यो कि वैशाख पूर्णिमाको त्यही रातमा बुद्धले महापरिनिर्वाण प्राप्त गर्नेछन्। अर्हत तथागतको महत्त्व बुझेका उक्त योगी तथागत बुद्धको अन्तिम उपदेश सुन्नको निमित्त त्यस ठाउँमा आइ पुगे। उनी त्यस ठाउँमा पुग्दा भिक्षु आनन्दसँग भेट भयो र उनले भने– आनन्द, मलाई एक पल्ट बुद्धसँग भेटने इच्छा जागेर यहाँ आइपुगेको हूँ। भेटघाट गराई दिन्छौ कि? आनन्द भिक्षुले भन्नु भयो– "उहाँलाई संचो छैन।"

सुभद्द र आनन्दको सम्वाद बुद्धले सुन्नु भयो। त्यसपछि, आनन्दलाई सुभद्दको इच्छा पुऱ्याइ दिनको लागि आज्ञा गर्नु भयो। सुभद्दले गौतम बुद्धको दर्शन पाए। अनि उसले विनय गर्न थाले– भो गौतम! पूर्ण काश्यप, मखली गोसाल, अजित, कच्चायन, सञ्जय र निगण्ठहरूले यो संसारको ज्ञान कति लियो, कति लिन सक्यो? उनीहरूले आफैले ज्ञान हासिल गऱ्यो वा यस्तै हो भन्ने विचार गऱ्यो अथवा कति जनाले ज्ञानको भण्डार खोल्न जान्यो, कतिले जानेन?

गौतम बुद्धले भन्नु भयो– जे भएता पनि यस्तो कुरो गर्नु त्यति आवश्यकता छैन, भद्दक! यसको बदलामा म भै रहेको सत्य यथार्थताको व्याख्या गरि दिने छु। ध्यान दिएर सुन:–

"अष्टांगिक मार्ग नै जीवनको एक मात्र सफलताको बाटो हो। कारण के हो भने यसबाट पाउन सकिने मार्ग फल जस्तो सुर्के व्यक्तिले पनि उपभोग गर्न सक्तछन्। अघिको मानिस वा पछिको मानिस भन्ने

Downloaded from http://dhamma.digital/

भेदभाव यस सिद्धान्तमा छंदै छैन। जुन व्यक्तिले अष्टांगिक मार्ग बुझ्दछ उसले नै जीवन सार्थक तुल्याउँछ। अतः मेरो शिष्यहरूले पनि त्यो सबै कुरो बुझेका थिए।" यस्तो कुरो सुनेर भद्दकले भन्न थाल्यो– भन्ते म पनि "बुद्धं शरणं गच्छामि" भनिकन आएं। बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि! यति भनेर उनी पनि बौद्ध संघमा प्रवज्जित हुन तयार भए। यति कुरो निर्णय भए पछि बुद्धको आज्ञा अनुसार उनी बुद्ध समक्ष प्रवज्जित भएर बुद्धको पालोमा अन्तिम प्रवज्या लिने मानिस उनी नै भए।

असद्धो अकतञ्ञू च– सन्धिच्छेदो च यो नरो
हता वकासो वन्ता 'सो स बे उत्तम पोरिसो।

अन्ध विश्वास न भएको, निर्वाण बुझ्ने, जन्म मरण हटाइकन तृष्णा इत्यादि त्यागेर बाँच्न सक्ने मानिस सबै भन्दा राम्रो मानिस (उत्तम) हुने छ।

उक्त कुरो बुद्धले प्रवज्ज्याको शिल शिलामा भद्दकलाई पनि भन्नु भएको थियो।

साँच्चै, यस मानव जगतमा बुद्ध नै त्यस्तो प्रथमः उदाहरणीय मानव जन्मे जसले महा मानवताको त्यो गुण नैर्सगिक रूपमा लिएर आएका थिए। त्यसैले उनकै भनाइ अनुसार बुद्ध वा बौद्ध सिद्धान्त मानव धर्म हुन्। सबैले जान्नु पर्ने यथार्थता यही हो।

Downloaded from http://dhamma.digital/

# गोत्र के हो ?

आजभन्दा पच्चीस वर्ष अगाडि म सुदूर पश्चिमाञ्चलको भ्रमण गर्न गएको थिएँ । बैतडीमा पुग्दा एकजना पंडित ब्राह्मणले सोधेका थिए– 'तपाईं कसमा हुनुहुन्छ ?' म नेवारको बच्चा भएको नाताले पर्वते, खस वा जुम्ली भाषा मध्ये खास केहीमा दखल थिएन । अलि अलि बनारसको गन्ध आउने गोरखापत्रसम्म बुझेकोले उक्त वाक्यको अर्थ मलाई लागेन । म वाल्ल परें ।

कुराको सिलसिला घुमेपछि बल्ल मलाई थाहा भयो, म ब्राह्मण, क्षेत्री, वैश्य वा शूद्रमध्ये कुन हिन्दू जातीको अन्तर्गत रहेछु भन्ने कुरो सोधेको रहेछ । म बौद्धको नाताले उक्त कुनै वर्ग भित्र नपरेको अनुभव गरें । मैले, त्यस्तै व्याख्या उनलाई गरें ।

तर, क्रमशः मुलुकी ऐन र बौद्ध सुत्तहरू पढेपछि ज्ञात हुँदै-आयो । नेपालमा पनि मानिस मानिसमा भयानक भेद रहेछ । त्यस्तै भेदभाव हटाउन बुद्धले जातीगत मिथ्याभाव प्रकाशमा ल्याउनुभएको हो । यस्तो मिथ्याभावले कुशल चित्तलाई पनि अकुशल बनाउँछ भन्ने कुराको बोध गर्न सुत्तपिटक दीर्घ निकायमा अम्बट्ठ सुत्तको व्याख्या गरिएको छ । जसको प्रसंग यस प्रकार छ–

एक समय तथागत सम्यक् सम्बुद्ध आफ्ना पाँच सये भिक्षुहरू सहित कोशल ब्राह्मणहरूको गाउँ इच्छामङ्गलको वनमा बास बस्न

Downloaded from http://dhamma.digital/

पुगेका थिए । उक्त गाउँमा पोक्खरसाती ब्राह्मण प्रसेनजित राजाको सल्लाहकार थियो । उसले बुद्धको यस आगमन बारेको कुरा थाहा-पाएर आफ्ना शिष्य अम्बट्ठ मानवकलाई बुद्ध कहाँ पठाए । पोक्खर सातीलाई बुद्ध-अरहन्त हो, सम्यक् सम्बुद्ध हो आठ विद्याले पारंगत एवं अट्ठार आचरणमा पोख्त हो भन्ने कुरो पनि थाहा थियो तापनि त्यस्तो गुणवान् व्यक्तित्व अवश्यमेव ३२ लक्षणले युक्त भएको हुनुपर्छ भन्ने अन्दाज गरेर त्यो कुरा हो वा होइन हेर्न पठाएका थिए ।

अम्बट्ठ त्यस ठाउँमा पुगेर बुद्धसँग साक्षात्कार गर्न लाग्दा बुद्ध चंक्रमण गरिरहेका र अम्बट्ठ आसनमा बसेर कुरा गर्न लागे । अतः गौतम बुद्धले उ सँग सोध्न लाग्नुभयो– भो अम्बट्ठ माणवक ! तिमीले कसैसँग भेटघाट गर्न जाँदा उभिरहेको मानिससँग उभेरै कुरा गर्नु राम्रो हुन्छ भन्ने कुरो थाहा छ ? उसले जवाफ दियो– 'त्यो त थाहा छ गौतम तर, हामी ब्राह्मणहरू सर्वोच्च जाती भएकोले मुण्डक, श्रमण, दंभ (नीच), कोलजातीका मानिस, एवं आफूभन्दा तल्लो स्तरका मानिसहरूसँग उभिरहेको भएता पनि हामी बसेर कुराकानी गर्दछौं ।'

यो सुनेर गौतम बुद्धले शायद उनी गुरुकुलमा शिक्षा दीक्षा लिएर आएको व्यक्तित्व होइन कि भनी शंका प्रकट गर्दा उसले रिसाएर गौतम बुद्धलाई जथानाम गाली गर्न थाल्यो । गालीको सिल-सिलामा शाक्यकुल नै दंम्भ अर्थात् नीच पनि भन्न थाल्यो ।

उपरोक्त गाली गलौज सुनेतापनि मान अपमान समान मान्ने भएका सम्यक् संबुद्धले उसप्रति रत्तिभर पनि नरिसाइकन उ स्वयं कृष्णायन गोत्रका सन्तान शाक्यहरूका दासीपुत्र भएको वंशावली प्रष्ट पारिदिनु-

Downloaded from http://dhamma.digital/

भयो । यद्यपि उ दासी पुत्र भएता पनि उसका पूर्खामा कृष्ण ऋषि नामका महान् ऋषिको पनि नाम र इतिहास भएको कुरा बताउँदै मानिस कुनै हालतमा पनि उच्च निच हुनको लागि आ–आफ्नो कर्मद्वारा नै प्रविष्ट हुन्छ भन्ने कुराको स्पष्ट व्याख्या पनि गरिदिएका थिए ।

धम्मपद गाथामा यस प्रसंगको एउटा श्लोक यस्तो पनि छ–

चण्डाल हुनु जन्मले होइन कर्मले हो,
ब्राह्मण हुनु जन्मले होइन कर्मले हो,
कर्मले नै चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ ।

यसै सिलसिलामा गौतम बुद्धले जोसँग विद्या र आचरण हुन्छ उनै व्यक्ति महान् हुन्छ भन्ने कुरो पनि सम्झाउनुभयो । विद्या र आचरणको व्याख्यामा आचरणबारे छोटकरीमा यसरी भनिएको छ–

हे अम्बट्ठ ! अनुपम विद्या आचरण सम्पदामा जातीवाद हुँदैन । गोत्रवाद पनि हुँदैन । सम्मानवाद पनि हुँदैन । जसरी शीलवान् भिक्षुहरूले प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान र चतुर्थ ध्यानद्वारा प्राप्ति सुखले संयुक्त भैरहन्छन् त्यस किसिमका व्यक्तित्वहरूले चित्त परिशुद्धिमा राखिरहन्छ । दिव्यचक्षुले सबैमा समान दृष्टि दिइरहन्छ, र यिनै सम्पदाहरूबाट युक्त व्यक्तित्वलाई हामी आचरण भएको भन्ने थाहा पाउँछौं ।

उक्त व्याख्यापछि अम्बट्ठ फर्केर आफ्नो गुरु पोक्खरसाति कहाँ गएर सबै विवरण सुनाउन थाल्यो र पोक्खरसाति पनि गौतम बुद्धको दर्शन गर्न लगत्तै त्यस ठाउँमा पुग्यो । त्यसपछि, बुद्धले पोक्खरसातिलाई पनि जातीवाद,गोत्रवाद र सम्मानवादबाट मुक्त हुन सल्लाह दिए ।

Downloaded from http://dhamma.digital/

विज्जा चरण सम्पन्नो, सो सेट्ठो देव मानुसे ।

जोसँग विद्या र आचरण हुन्छ त्यो मानिस देव र मनुष्यको बीचमा पनि श्रेष्ठ हुन्छ ।

यसै कुरालाई उल्लेख गरेर मैले आफू हिन्दूधर्म अन्तर्गतको जातीभेदको चारै अङ्ग भित्र नपरेको र ब्राह्मण क्षत्री, वैश्य, शूद्र बाहेक म विना गोत्रको मानिस भएको परिचय दिएँ । तर, सुदूर पश्चिमका पण्डित संस्कृत भाषाका विद्वान् ब्राह्मण मानेनन् र मलाई उनले नै 'गोत्र' थपिदिए ।

त्यसो भए तपाईंको 'गोत्र' पनि 'गौतम' नै हुनुपर्छ किनभने गुरुवंशबाट हामी 'गोत्र' को थाहा लगाउछौं ।

बौद्धहरू 'गौतम' गोत्रका हुन् । तपाईंको नामसँग जोडिएको बज्राचार्यको उपाधि कुन विश्वविद्यालयको हो ? भनी सोद्धा म अझ अझ आश्चर्य चकित भइयो ।

# असम्भव भनिने सम्भव प्रकृयाहरू

भगवान् बुद्धले महाभिनिष्क्रमणको लगत्तै पछि आलार कालम जस्ता सिद्धि प्राप्त योगीहरूसँग बसेर पनि केही साधना सम्पन्न गरेका थिए । तत् पश्चात्, बुद्ध स्वयं बुद्ध हुनको लागि ऋद्धिसिद्धिबल प्राप्त गर्न सफल भएको तथ्य बुद्ध जीवनीमा यथेष्ट उल्लेख छ । ती नै ऋद्धि-सिद्धिका कुराहरू मानव सामर्थ्य भित्र रहेको छ तापनि हामीलाई भने

Downloaded from http://dhamma.digital/

यस कुरामा ज्यादै नै दुरूह लाग्नुको खास कारण–यस भौतिकवादको चरम सीमाको संसारमा ९५% प्रतिशत मानिसको मनस्तन्तु ठीक सन्तुलनमा न भएर हो। विभिन्न मानव समुदायमा अन्धविश्वाशका असंख्य तत्वहरूले ठाउँ लिइरहेको खास कारण पनि यही हो। अतः मानव जातीलाई आफ, आफ्नो जीवन पनि आफ आफैलाई बोझिल भैरहेको पनि छ। अतः यहाँनिर बुद्ध बचन सम्झौं।

हंसादिच्च पथे यन्ति आकासे यन्ति इद्धिया
नीयन्ति धीरा लोकह्मया, जेत्वा मारं सवाहिनि।

यस धम्मपदको बुद्ध बचनको अर्थ "हाँस आदि पंक्षीहरू आकाशमा उड्दछन्। ऋद्धिबल हुनेहरू आकाश मार्गबाट जान्छन्। सैन्य सहित मारलाई विजय गरिसकेका धीर जनहरू लोकबाट उत्तीर्ण भै निर्वाणमा पुग्दछन्।"

फेरि पनि, लौकिक अलौकिक प्रक्रियाहरूमा हामी साधारण जनमानसले कल्पनालाई व्यवहारमा परिणत भएको ठान्दछौं, प्रतिकृया-को सामर्थ्य बोध राख्ने हुन्छौं। तर, त्यस्ता कुराहरू ऋद्धिसिद्धि विना असम्भव हुन्छ।

अनि थाहा नपाएकाहरूलाई "ईश्वरीय" जस्तो हुन्छ। थाहा पाएकाहरूलाई गौण हुन्छ। यसको प्रतिक्रिया अन्धपरम्परामा आधारित हुन्छ। उदाहरणको लागि भनौं–

अस्वस्थ, असंयमित, द्वेष मात्र बोकेर हिंड्नेहरूको जीवन अथाह हुन्छ। कहिल्यै सन्तुष्ट न हुने डाह र ईर्ष्यामा लागिरहने, सधैं अरूको दोष मात्र देखिरहने, सधैं आफ्नो बडप्पन मात्र देखाइरहने

Downloaded from http://dhamma.digital/

एवं जुनसुकै स्वस्थ वातावरणलाई पनि अशुद्ध, अस्वस्थ ठान्ने मानिस-हरू पनि भ्रममा पर्छन् । उनीहरू दिग्भ्रम हुन्छन् ।

(क) चौबाटो (छ्वास) को वायु प्रदोषण उनीहरूलाई सिधै लाग्नु वैज्ञानिक भाषामा (Cosmos effect) प्राकृतिक प्रभाव हो । मस्तिष्क तन्तु तनावपूर्ण अवस्थामा राखेर हिंड्ने उपर्युक्त किसिम-का मानिसहरूलाई नेपालमा छ्वासले समाते ऊैं सुमेरुदेखि मेरूसम्म अर्थात् संसारभर सबैलाई त्यस्तै हुन्छ ।

(ख) आइमाईहरूको निद्रित अवस्थामा नसाहरू तन्केर हुने (bruises) बोक्सीले रगत चुसेर दाग गराएको भन्ने प्रचलित तथ्य-हरू पनि त्यस्तै हुन् । यो पनि संसार भरि नै पाइन्छ ।

(ग) उपर्युक्त लौकिक उदाहरण र अर्हत् पद प्राप्त गर्न सकेकाहरू आकाशमार्गबाट यताउति गर्न सक्ने सामर्थ्यताको व्याख्या त्यस्तै हो ।

खास गरिकन अर्हत् पदको स्तरसम्म पुग्नु भनेको चेतनालाई भूत, भविष्यत, वर्तमान कालसम्म ओहोर दोहर गराउन सक्नु हो र यस्तो अभ्यास प्रत्येक मानव जातीले स्वयं गर्न सक्तछ । तर, उ चेतन-शील हुनुपर्छ ।

प्रसंगवश भनौ– अलौकिक (अस्वाभाविक होइन, बरू सम्मोह छुटेर अति चेतनशील, जागृत र आफूले आफ्नो मूल्यांकनद्वारा हलुँको जानिसकेको) को अर्थ शक्ति सफलता हो । यो अलौकिक गुण त्यस्तो व्यक्तिमा हुन्छ जसले पुरश्चरण, प्रज्ञापारमिता, शील, समाधि एवं एक चित्तद्वारा आलोक पाइसकेको हुन्छ ।

ती आलोक (स्वयंलाई स्वयंले देख्न सक्ने अध्ययन गर्न सक्ने

Downloaded from http://dhamma.digital/

चेतना, ५ प्रकारको बताइएको छ ।

१. कुशल कर्म/अकुशल कर्म जान्न सक्ने आलोक ।

२. नाम र रूप बाहेक यो संसारको कुनै अस्तित्त्व स्थायी छैन भन्ने चेतनाको आलोक ।

३. प्रतीत्यसमुत्पादको आलोक ।

४. अनित्य, दुःख, अनात्म बोध गर्ने आलोक ।

५. निर्वाणलाई (आफ्नो पारगत) देख्न सकिने अगाध आलोक ।

अनि, उपर्युक्त आलोकलाई आत्मसात् गर्न प्रयास गर्ने (ग्रहण गर्न प्रयास गर्ने) मानिसहरूले यस लोकको जुनसुकै अवस्थालाई पनि बुझ्न सक्ने हुन्छ । आफू संयमित रहन सक्ने हुन्छ ।

उपर्युक्त कुराको ठीक विपरीत जीवनमा रोगमाथि रोग (Cosmos effect) बोकेर हिंड्ने, तनावद्वारा विक्षिप्त भै रहने, परपीडामा पनि मनोरञ्जन छ भनिकन नचाहिंदा कामहरू गरेर हिंड्नेहरूले बाह्र वर्ष विपश्यना अभ्यास गरेतापनि फल प्राप्ति गर्नु त परै जाओस् आफ्नो आयुमात्र क्षय गर्दछ ।

अतएव, बुद्धका ४ ऋद्धिपाद, चर्चामा पनि विवाद रहित यसै-कारणले भएको छ कि मानव धर्म (मानव हुनको लागि चाहिने गुणको आर्जन आफ–आफैले गर्न सक्ने) गुण यसै सिद्धान्तमा अन्तर्निहित छ ।

भनौं, बुद्धधर्ममा चार स्मृति पट्ठान, चार सम्यक् प्रधान, चार ऋद्धिपाद, श्रद्धादि पंचेन्द्रिय, पाँचबल (महायानीहरूको उल्लेखमा दशबल), सात बोधांग (बोध्यंग) र आर्य अष्टांगिक मार्ग नै

Downloaded from http://dhamma.digital/

प्रमुख हुन् ।

यसै प्रसंगद्वारा असम्भव भनिने ती सम्भव तत्त्वहरू आफैंले थाहा पाउन सधैं मन चिन्तनालाई पनि कायम राख्न सक्ने अभ्यास हुनु आवश्यक छ ।

आज भोलि सामूहिक बिपश्यनाको प्रचलनमा ध्यान धेरै सिकाइने र ज्ञान कम दिलाउने कार्यले गर्दा सत्र पल्ट बिपश्यना शिविरमा पसेका व्यक्तिहरू पनि बौद्ध चरित्र विना कै पनि देखिएका छन् । यो तथ्य प्रकट गर्नुको मुख्य अभिप्राय सुधारको लागि हो । ध्वंसात्मक होइन । अझ भन्न खोजिएको कुरो के हो भने बिपश्यनाका साधकहरूलाई बौद्ध चरित्र प्राप्त गराउने प्रथा र प्रकृयाहरू पनि थाल्न सके सुनमा सुगन्ध थपिने थियो ।

यसै पंक्तिका लेखकको यौटा अनुभव पनि बताउँदा अप्रासंगिक होओइन ।

"मैले एक वर्षको लागि जेन बौद्धसंप्रदाय जापानको बौद्ध-विहारमा बौद्धधर्म अध्ययन गर्न पाएको थिएँ । त्यहाँ मलाई शुरूको तीन महीना–बौद्ध सिद्धान्त पढाइएको थियो । भावनाको महत्त्व बुझाइसकिएपछि दिनको एक घण्टा मात्र ध्यान राखिएको थियो र मसँग ३ प्रश्नहरू गरिएका थिए–

१. के तपाईं प्रब्रज्जित हुने मनसुवा राख्नु हुन्छ ?

२. के तपाईंले चित्त वृत्ति नियन्त्रणमा राखेर जीवन व्यतीत गर्ने संकल्प राख्नु हुन्छ अथवा यस्तो विश्वासमा लग्न

Downloaded from http://dhamma.digital/

सक्नु हुन्छ ?

३. के तपाईंलाई मैत्रेय बोधिसत्वको पुनः प्रतिष्ठामा विश्वास छ ?

मेरा जवाफहरू यस प्रकारका थिए–

१. म अति भौतिकवादी भएकोले प्रब्रज्जित हुन्न ।

२. चित्तवृत्तिमा नियन्त्रण गर्न कोशिश गर्नेछुं र गर्दैछुं ।

३. मैत्रेय भावनामा विश्वास छ ।

मेरो उपर्युक्त विहारको ३ महिनाको बसाइ पछि एकपल्ट मलाई वन–भोज भनेर थुप्रै अन्तर्राष्ट्रिय बौद्ध साथीहरू सहित यौटा पहाडमा लगियो । त्यो पहाडमा यौटा गुफा जस्तो ठाउँ पनि थियो जहाँ मेरो गुरुले मलाई एउटा किस्तिमा अनेकौं प्रकारका चकलेट जस्तो खाद्य पदार्थ राखेर ल्याएकोबाट एउटा चीज लिने सल्लाह दिनुभयो । मैले लिएर खाएँ ।

त्यो पदार्थ मैले छानेर आफूलाई विशेष मन परेको जस्तो लिनु उहाँले हेरिराखनु भएको थियो । हामी फर्कयौं । भोलिपल्ट थाहा भयो– त्यो मेरो परीक्षा थियो रे !'

गुरुले म बौद्ध धर्ममा लाग्न सधैं लायक होस् भन्ने शुभकामना व्यक्त गर्नु भएको लगत्तै उहाँको परीक्षण विधि पनि थाहा भयो । त्यो सापेक्षवादको सिद्धान्तमा आधारित रहेछ र मेरो ध्यानको कार्यक्रम पनि इच्छाधीन गरियो ।

उपरोक्त घटना– विवेचनामा जापानी बौद्धहरूको (Zen) जेन मतले महाबोधिको उल्लेख गर्छ । मध्यममार्ग नै दुःख निरोध

Downloaded from http://dhamma.digital/

सत्यको बाटो हो भन्छ । गणितमा पोख्त शिक्षकलाई गणितको ठीक परिणाम थाहा भए झैं आफ्नो चित्तवृत्ति सन्तुलित राख्न सक्ने जुनसुकै व्यक्तिलाई पनि यो पृथ्वीमा कुनै किसिमको आपद विपद, र संकट आइ पर्दैन । त्यस्तो अनुभव हामीले कुशल कर्मको चिन्तनाद्वारा गरिरहन सक्ने हुन्छौ । यही तथ्यद्वारा—ऋद्धि सिद्धिको सम्भाव्यताबारे चर्चा गर्दा जेशस क्राइष्टले पनि उनी १४ देखि २८ वर्षसम्म बौद्ध विहारहरूमा आइकन साधना सिकेर गएको ऐतिहासिक तथ्य पत्ता लगाएर रूसका लेखक निकोलस नोतोबिचले सन् १८९४ मा लेखेको कुरा आज यूरोपीय विद्वान्हरूले पुष्टयाइँ गरेका छन् ।

# चूडाकर्म

संस्कृत वांग्मयमा चूडा शब्द देवालय, आलय आदिको शीर्षस्थानमा रहने गजुरलाई भनिने हो । चूडा शिर हो । शिरको अभिषेक कार्यमा शिखा छेदनकर्म गरिन्छ । हाम्रा आदि गुरु वज्रपाणि र वज्रसत्वहरूको यस विषय धेरै महत्त्वपूर्ण ग्रन्थहरू छन् ।

बौद्ध समाजमा चूडाकर्मको चर्चा धेरै छ । सबभन्दा पहिले बुद्धको महाभिनिष्क्रमणमा उनले आफ्नो शिरको रौं काट्ने काम गरेका थिए । त्यसको लगत्तै नै रञ्जना नदीमा नुहाएर उनले तपस्या प्रारम्भ

Downloaded from http://dhamma.digital/

गरेका थिए । चूडाकर्मलाई त्यसै बेलादेखि प्रव्रज्या कर्मको पहिलो कदम मानिएको छ । अनि मात्र भिक्षुरूप धारण गर्न सकिन्छ । भिक्षुरूपको खास अर्थ यहाँ शील, स्वभाव करुणामय एवं शान्त हुने विधि विधान हो । काय वाक् चित्तद्वारा स्वभाव शुद्ध बनाउने ध्येय हो ।

त्यसपछि "दीत्यो हिताय" भनेर प्राणी मात्रको सुखको निमित्त मैले बौद्धरूप गरेको हुँ ।" भन्ने संकल्प हुन्छ । त्यसपछि क्रमशः चतुर्ब्रह्म विहार (आफू एवं अरू समान हुने उपाय) मैत्री, करुणा, उपेक्षा र मुदिताको अनुसरण गर्नुपर्ने कार्यक्रम हुन्छ ।

माथि भनिए झैं बुद्धधर्ममा शिष्य भएर सबै भन्दा पहिले पर्ने बुद्ध ढोका चूडाकर्म हो र यसैगाई श्रावक नाम सोपान भनिन्छ । त्यसपछि बुद्धको अष्टांगिकमार्ग अनुसरण गर्नको लागि अभिषेक दिने गुरुलाई भेट्ने काम सम्पन्न हुन्छ । गुरुले प्रव्रज्या हुने शिष्यलाई "अहमिस्यंनामा बुद्धं शरणं गच्छामि; यावत् जीवं बुद्धं शरणं गच्छामि" भन्न लगाउँछ । त्यस पछि आफूले पंचशीलको कबूल गर्दै म पाँच किसिमको पाप कहिल्यै गर्ने छैन भन्ने दृढता व्यक्त गर्नुपर्छ । बौद्ध मार्गमा दृढता व्यक्त गर्ने शब्द 'बज्र' हो र अकाट्य तथ्यलाई बज्र शब्दले अभिव्यक्त हुन्छ र भन्छन्– 'यो संसारमा बज्रपासको चक्रव्यूह छ । कसैले छिनालेर जान नसक्ने बज्रको पासो काट्न पापले सकिँदैन । अतः म चीवर वस्त्र धारण गरी पिण्डपात्र बोकेर जान्छु ।"

चूडामणि अर्थात् शिरमा मणि धारणगर्ने भएका गुरु बज्राचार्यको कुलमा जन्मने महागुरु (हाम्रा ग्रन्थहरूमा महान् अथवा महागुरुको लागि परम गुरु भन्ने शब्द प्रयोग भएको छ) हरूद्वारा बनाइएको

Downloaded from http://dhamma.digital/

चूडाकर्म विधानमा जोसुकैले पनि प्रव्रज्या हुनुभन्दा अगाडि उपासक हुनुपर्ने विधि बताइएको छ। त्यस प्रव्रज्या हुने उपासकको निमित्त एउटा चैत्य (Pagoda) बनाइन्छ। अनि, दृढताका साथ समय निर्धारण गर्न सुपारी र द्रव्य (दक्षिणा) चढाएर तीन महिनापछि चूडाकर्म गरिन्छ। (आज भोलि स्थायी विहारका चैत्यहरूमा ४ दिन अगाडि मात्र सुपारी र महागुरु स्थविरहरूलाई चढाएर ४ दिन पछि चूडाकर्म शुरू गर्ने गरिएको छ)।

चूडाकर्मको शुरूमा ४ कलश स्थापना गर्ने एवं एक मूल कलश मान्ने र त्यस मूल कलशको गुह्य बज्रयानीहरूको अभ्यन्तर हुन्छ। त्यसपछि शुभको लागि भनेर चार नागराजाहरू पनि पूजा अभ्यर्थना गरिन्छ।

यौटा अनौठो प्रक्रिया यस चूडाकर्म भित्र पाइन्छ। त्यो प्रक्रियालाई "मास पिंधने" भनिन्छ। अथवा प्रव्रज्या हुनेले सिलौटामा मास पिंधेर मैले यो मास पिंधे ॐ दश किसिमका पापहरू त्याग्नेछु। अथवा पापहरू पिंधेर पठाउनेछु।" भनी कबूल गर्छन्। परम्पराको धारणा अनुसार बोधिसत्व आएर प्रव्रज्या हुनेहरूको "शिखा छेदन" टुपी काट्ने काम गर्न आउँछन् भन्ने छ। लौकिक नियम अनुसार आफ्नो साख्यै फुपूका लोग्ने (फुपाज्यू) ले प्रव्रज्या हुनेको शिखा सुन र चाँदीको छुराले काटिदिने चलन छ। त्यसपछि चीवरवस्त्र धारण गर्न मुडुलो टाउकोको दाँया बाँया स्वस्तिक चिह्न लेखिन्छ र वस्त्र पहिराइँछ। उल्लिखित स्वस्तिक चिह्नको परिभाषा विजय हो।

अनि, दान पारमिताको सिद्धान्तमा दान दिने कार्यक्रम शुरू

Downloaded from http://dhamma.digital/

हुन्छ । यस दान प्रकृया भित्र अगाढ मानवताका भावनाहरू हुन्छन् । दानपारमिता सम्बन्धी छुट्टै व्याख्या गर्नु पर्ने देखिन्छ । त्यसको लगत्तै सात पाइला हिँड्न दिने काम हुन्छ । यस सात पाइला हिँडाइको मतलब "सप्तपाद प्रतीक" अर्थात् भगवान् बुद्धको जन्मको प्रतीक हो । यस सप्तपदीको शुरुमा स्वस्तिवाक्य स्थविरहरूले पढ्नुपर्छ । दुइजना नागराजाका प्रतीकहरू नन्द उपनन्द त्यहाँ पुग्छन् । जल चढाउँछन् । अनि, हृदय विदारक वातावरणमा आफ्नै आमा, बाबुहरूसँग भिक्षा माग्छन् ।

४ दिन पछि म फेरि गृहस्थ नै हुन्छु भने र कलश पूजा गरी, शील धारणका साथ वस्त्र मात्र फुकालि दिने गर्छ । अतः शीलवान् बौद्ध वस्त्र सबै त्यागेर पनि बौद्ध नै हुन्छ भन्ने उपदेश स्थविरहरूले दिन्छन् । यो क्रम अनुसार संसारका जुनसुकै मानिसहरूलाई पनि बौद्ध बन्न पाइने नियम रहेको छ ।

उदाहरणको लागि ८४ सिद्धहरू जो अर्हत् हुन समेत सफल भएका २१ जना वज्राचार्यहरू थिए; उनीहरूमध्ये सबै प्रकारका छूट अछूट जाति पनि थिए भन्ने उल्लेख छ । स्मरणीय छ कि यस लेखमा प्रयोग गरिएका छूट अछूट शब्द हिन्दूवर्ग विभाजनको सापटी प्रयोग मात्र हो । बौद्धधर्ममा शूद्रहरू पनि छूट नै मानिएको छ । उस बेला हाम्रो समाजमा प्राचिन परम्परा अनुसार नै समाज चलेको थियो । यद्यपि विहारमा स्थविर भएकाहरू गृहस्थविराभिषेक भएर चक्रको शरणमा जाने प्रथा पनि थियो । जस्तै शान्तिकराचार्य स्थविराभिषेक भएर गएको उल्लेख पनि छ ।

Downloaded from http://dhamma.digital/

ललितविस्तर ग्रन्थ अनुसार आइमाईहरूलाई पनि दीक्षित गर्ने क्रम हाम्रो समाजमा चलेको थियो भन्ने थाहा हुन्छ ।

जे होस्, नेपालमा शिक्षा दीक्षाको परम्परा प्राचिनतम रहेको छ । आफ्नो बौद्धसंस्कार र चरित्रले देशको सभ्यता एवं सुसंस्कृतिको अंग बसालेको छ ।

नेपालमा एक हजार वर्ष अगाडिसम्म १५००० विहार, उप-विहार र चैत्यस्थानहरू रहेको इतिहास ह्वेन सांगको यात्रा वर्णनपछि आउँछ । उसबेला सबैलाई सकेसम्म प्रव्रज्या गराई विहारमा राख्ने र विहारबाट नै कुशल गृहस्थ बनाउने परम्परा थियो । नेपालबाट क्रमशः ल्हासा, चीन, कोरिया र मंचुरिया पुगेकोले आजसम्म पनि उता हाम्रै प्रथा अनुसार गृहस्थलाई महास्थविरले प्रव्रजित गर्ने परम्परा छ । उनीहरू श्रुतमय, श्रवणमय र चिन्तनमय हुनु आवश्यक छ, भनिएको छ ।

"चूडानाम शीखा छेदनं सह चूडाकर्म" भन्ने तथ्य साथ प्रव्रज्या-विधि दिइएको कृयासंग्रह; कृयासमुच्चय ग्रन्थ मात्रै हाल उपत्यकाका गुरु जुजुसरह बज्राचार्यहरूले सरल ढङ्गले चूडाकर्म गराउनको लागि पालना गर्दै आएको देखिन्छ ।

पुनः चूडाकर्मपछि ज्ञान हासिल गर्ने पठन पाठनको स्वाध्याय गृह स्वरूप विहार नै भएकोले नेपालका प्रत्येक विहार (महाविहारहरू) विश्वविद्यालय जस्तै थिए । विहारमा आ–आफ्ना स्थविरहरूबाट बौद्ध-दर्शन पूरापूर अध्ययन गर्न सक्नेलाई दीक्षा वा दीक्षान्त दिने चलन अनुसार बज्राचार्यहरूले चूडामणि भएका (गजुर भएको) 'मुख:' भन्ने शिरस्त्राण लगाएर विधि विधानमा भाग लिने गर्दथे ।

Downloaded from http://dhamma.digital/

फेरि त्यस्तै प्रचलन आजसम्म चीनका महास्थविरहरूमध्ये गुरु-मूर्ति हुनेले गजुर भएको टोपी लगाउने चलन छोडेका छैनन् ।

यसरी, शिक्षा दीक्षाको क्षेत्रबाट विश्वशान्तिको पद यात्रासम्म सहभागी हुने क्रम र परम्परा बौद्धजगतमा पाइएकोले यस प्रकारको कर्मकाण्ड निरर्थक परम्पराको लागि मात्र होइन; यस दिग्भ्रमित संसारलाई सही दिशा देखाउने चूडाकर्मक लाखौं गुना महत्त्व रहेको पनि छ ।

# जापानमा बौद्ध उत्सवहरू

जापानका बौद्ध मतावलम्बीहरूको सर्वभन्दा ठूलो बौद्ध उत्सव बुद्धको जन्म दिवस "हाना माचुरी" हाना (फूलको उत्सव) अर्थात् नेवार भाषामा "स्वांयापुह्नी" हो । उक्त उत्सव हाम्रो बैशाख पूर्णिमा थैं जापानमा जेठ पूर्णिमामा मनाइन्छ । हाना माचुरीको उल्लसित पर्वको भव्यता जापानको कुनाकाप्चासम्म तीन हजार भन्दा बढी विहार र महाविहारहरूमा यत्रतत्र देखन सकिन्छ ।

बौद्धकथा अनुसार बुद्धले जन्मने बित्तिकै सात पाइला चालेर यस पृथ्वीमा आफ्नो अलौकिक मानव व्यक्तित्वको परिचय दिएका थिए । यस कुराले प्रभावित जापानीहरू हाम्रो देशको लुम्बिनीलाई अति महत्त्वपूर्ण तीर्थ मान्दछन् ।

Downloaded from http://dhamma.digital/

इतिहास अनुसार हाना माचुरी महारानी सुइकोको समय इस्वी सम्बत् ६०६ देखि मान्न थालेको बुझिन्छ। नाराको गंकोजी महाविहार-मा सर्वप्रथम मनाएको यस जन्मदिवसको विस्तार क्रमशः हुँदै गएको कुरो जापानी बौद्धहरू सगौरव कथ्ने गर्छन्। साँच्चै नै प्राचिन लुम्बिनी उद्यानमा झैं फूलहरूले सजिसजाउ पारेर बालक बुद्धको मूर्ति राखिने चलन छ। कहिलेकाहीँ बालक बुद्धलाई सेतो हात्तीमा चढाई भव्य जुलुस निकाल्ने चलन पनि रहेछ। जातकमालाका कथामा झैं– भगवान् बुद्धलाई सेतो हात्तीले स्वर्गबाट महारानी मायादेवीको गर्भमा ल्याइ-दिएको भन्ने भनाइको ठीक अनुकरण गरेर सेतो हात्तीमा बालक सिद्धार्थ कुमारलाई राखेर जुलुस प्रदर्शन गर्ने चलन पनि छ। त्यस दिन विहारहरूमा जम्मा भएर बालक सिद्धार्थ कुमारको प्रतिमूर्तिमा गुलियो चियाद्वारा (नेपालमा दुग्धस्नान गराए झैं) सुगन्ध वृष्टि गराउने चलन अनौठो देखिन्छ। उक्त उत्सवलाई कावुचुये (चिया स्नान उत्सव) भनिन्छ।

बौद्धहरूको महान् उत्सव ओवों (O bon) आषाढ शूक्ल पक्षतिर पर्दछ। निहोन्जिनहरूको (जापानीहरू) ओवों भन्ने शब्द संस्कृत भाषाको आलम्बन हो। प्राचीन बौद्ध कथाहरूमा उल्लिखित मौद्गल्यायनको घटना (Mokuren) मोकुरेनले आफ्ना दिवंगत आमाको सम्झनामा त्यो दिन भिक्षुहरूलाई अन्न बस्त्र दान गरेका थिए। त्यसै दिनदेखि पितृहरू तार्न यो प्रचलन चल्दै आएको हो भनिन्छ।

खास गरिकन हाम्रो पञ्चदान पर्वमा झैं ओवोन तीन चार दिन-सम्म पनि चलेको हुन्छ। उक्त ३,४ दिन मध्ये शुरूको दिन स्वागत

Downloaded from http://dhamma.digital/

दिवस र अन्तको दिन विदाइ दिवस कहलाइन्छ । बोन नृत्य (दानपारमिता नृत्य) ती दिनहरूमा विहार, विहारको प्राङ्गणमा हुन्छ । यस दान पारमिता नृत्यले आमन्त्रित भै आएका दिवंगत प्राणीहरूको मन पनि आह्लादित गर्ने उद्देश्य भनिन्छ । बिदाइको दिनमा श्रद्धालु उपासक उपासिकाहरूको समूहले ती दिवंगत पाहुनाहरूलाई सानो डुंगामा दान, द्रव्य, खाद्य सामग्री राखेर धूपदीपका साथ समुद्रमा बहाई पठाउने चलन छ । यसरी बौद्धहरू पनि आ–आफ्ना दिवंगतहरूको पूजा आराधना गर्दछन् । स्मरण रहोस् सम्पूर्ण विश्वका पचासौं करोड महायानी बौद्धहरूको प्रचलन यो हो ।

त्यस पछि बुद्धले सम्यक् सम्बोधिज्ञान प्राप्त गरेको दिन (सम्भवतः वैशाख पूर्णिमा) आउँछ । प्रसंग सारांश अनुसार गौतम सिद्धार्थले आफ्नो राजदरवार त्यागेर ६ वर्षसम्म सत्यको खोजीमा लागे । अन्तमा उनी निरञ्जन नदीमा पुगे । त्यस निरञ्जन नदीको शान्त, सुन्दर निकुञ्ज वन देखेर उनी त्यहीं बसी ध्यान गर्न लागे । उनले अहोरात्र मारको सामना गर्दैरहेको अर्को दिनमा मारविजय हुनुका साथै सम्यक् सम्बोधि ज्ञान पनि हासिल गरे । यसै सम्बोधिज्ञान प्राप्त भएको दिनदेखि उनलाई पुनर्जीवन प्राप्त भए झैं पनि लाग्यो । त्यसैले यस दिनलाई निहोन्जिनहरू जोडोए (Jodoe) अर्थात् बुद्धत्व दिन भन्दछन् ।

उक्त दिनको तिथि मिति जापानीहरूको अर्कै भएता पनि [illegible] दिनलाई भारतको बुद्धगयामा गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको हाम्रो "वैशाख पूर्णिमा" को स्मरण गर्न सकिन्छ ।

Downloaded from http://dhamma.digital/

अर्को बौद्धपर्व "नेवान" (Newan) अथवा महापरिनिर्वाण हो। २५३३ वर्ष पहिलेको कुरा थियो। भगवान् बुद्ध भारतस्थित कुशीनगरको पावा भन्ने ठाउँमा आफ्ना पाँचसय अनुयायी भिक्षुहरूलाई उपदेश दिँदादिँदै महापरिनिर्वाण भएका थिए। तीनै ५०० भिक्षुहरू-मध्ये प्रमुख भिक्षुहरूमा भिक्षु आनन्द पनि थिए। जापानी बौद्धहरू यस दिनलाई निर्लिप्त दिवस पनि मान्दछन् ता कि तथागतको सिद्धान्त प्रतिपादन पनि होस्।

जापानी बौद्धजगत्मा अरू दुई पूर्णिमाहरूलाई पनि अति महत्त्वपूर्ण मान्ने चलन छ। त्यस दिन (हरू) लाई "हिगान" (Higan, the equinox day) भन्दछन्। अथवा दिन रात एकै समयको हुने गर्मी र सर्दी महीनाको ऋतु परिवर्तनको दिन "आचूसा, सामसामो हिगान माड" हो। यी दिनहरूले बौद्धहरूलाई आफ्नो जीवनको निस्सारता (अथवा, अर्को शब्दमा मरणशीलता) लाई सम्झाउँछ। यस प्रसंगले "प्रज्ञापारमिता" को बोध गराउँछ। बौद्ध-दर्शनमा षट्पारमिता (Six virtues) को अभ्यासले मानिसको मुक्तिमार्ग खुल्दछ भन्ने छ। अर्को अर्थ यस भवचक्रबाट विमुक्ति पाउनु हो जसलाई अर्को शब्दमा संसार–सार पनि भनिन्छ।

जापानी बौद्धहरू बोधिज्ञान प्राप्त गर्ने अर्को बुद्धको कल्पना "अमिदा" (अमिताभ) को छ। त्यसैले उनीहरू नमो अमिदा बुत्सो "अमिताभ बुद्धलाई नमस्कार" भनिकन प्रार्थना गर्दछन्।

उपर्युक्त हिगान उत्सव जापानमा करीब करीब १२०० वर्ष अघिदेखि चल्दै आएको हो। बौद्ध इनरियाक् (इनरियाक्) को २५ औं

Downloaded from http://dhamma.digital/

वर्षको इतिहास अनुसार (अर्थात्) ८०६ इस्वी सम्वत्तिर कोकुवुन्जि विहारका पुरोहित भिक्षुहरूले सर्वप्रथम ह्मिान उत्सवमा बौद्धसूत्रहरू "सद्धर्म पुण्डरीक" पाठ गरेका थिए। त्यसपछि जापानका इडो राजवंशको समयदेखि प्रज्ञापारमिताका अनेकौं ग्रन्थहरू पाठ गर्ने चलन पनि कायम रह्यो। यसरी अद्यापि, जापान जस्तो भौतिक सम्पन्न देशमा पनि बौद्ध उत्सव पर्वहरू उल्लासित ढङ्गले मानिरहेको देखन पाइरहेका छन्। जापानी बौद्धहरू "अमिदा" को परिकल्पना, विश्वास एवं तथ्यताको आधारमा गर्दछन्। उनीहरूको सबल धारणा अनुसार 'अलौकिक बौद्ध तथ्य' सिद्धार्थ कुमार गौतम बुद्धको अर्को रूप अमिताभ हो। उनी नै यस संसारका एक मात्र महापुरुष हुन् जसले विश्वशान्तिको पथः मानव समाजलाई प्रदर्शन गर्न सक्छन्।

पुनश्च जापानमा मोटामोटी ३ बौद्धयानहरू छन्। उनीहरूमध्ये नारा, अथवा जेन ZEN; हेइयान अथवा टेण्डाइ; र कामाकुरा अथवा सुखावती भुवनका दर्शन समेट्नेहरूको यान। उक्त ३ थरीमध्ये पनि अरू कतिपय बौद्ध यानहरूको विविधता भएता पनि जापानीहरू बौद्धधर्मलाई अति व्यावहारिक मान्दछन् र उनीहरू बौद्धधर्म नै संसारको सर्वश्रेष्ठ सिद्धान्त ठान्दछन्।

Downloaded from http://dhamma.digital/

# इशाई मतमा बौद्धधर्मको प्रभाव

इशाईधर्मले धेरै धार्मिक सिद्धान्तहरू प्राप्त गरेको भएतापनि आधाभन्दा बढी मानवसिद्धान्तका कुरा बौद्धधर्मबाट नै लिइएको छ भन्ने तथ्य पश्चिमी एवं पूर्वी विद्वान्हरूको अनुसन्धानबाट थाहा हुन आएको छ ।

Christianity borrowed a great deal from Buddhism.

–Arthur Lillie

बीशौं शताब्दीमा पश्चिमेली सभ्यता, संस्कृति र दर्शनको बोलबाला पूर्वेलीहरूमा पर्दैछन् भने प्राचीन कालमा पूर्वेली सभ्यता, संस्कृति दर्शन, धर्म र कलाकृतिहरू पश्चिमेलीहरूको समाजमा घुलमिल हुन गएको थियो । उसबेला पूर्वेलीहरूको क्रृयाकलापमा राजनीति थिएन । चीन र भारत जस्ता विशाल देशहरूले प्रश्चिमेलीहरूको राजनैतिक संघर्षहरूमा सांस्कृतिक छापद्वारा आश्वस्त बनाइदिएका थिए: मिथ्रा (Mithra or Mithraed) मन्दिरहरू भारतीय वैदिक कालबाट इरानमा प्रचलित भएको ऐतिहासिक खोज अनुसार मन्दिरहरु सिरिया, एशिया माइनर, स्पेन अरु अरू पश्चिमका बन्दरगाहहरूमा पुगेको तथ्य पाइन्छ ।

त्यस्तै जेशस क्राइष्ट पनि भारतसम्म पुगेको किम्वदन्ति छ जस

Downloaded from http://dhamma.digital/

अनुसार उनले पूर्वेली विद्वान्हरूसँग भेटघाट गरे भन्ने छ ।

सम्राट् अशोकले बौद्धधर्म प्रचार गर्नुहुँदा भारतको व्यापारिक सम्बन्ध एभन देशको मार्फत् इजिप्टसम्म पनि फैलिएको बेला हुँदा टाढा टाढासम्म बौद्धधर्मका सिद्धान्तहरू पठाउन सकेका थिए । अशोकको शिलालेख गिर्नार स्तम्भमा उल्लेख भए अनुसार बौद्धधर्म ग्रीक राज्य (आण्टीओकरा राजाको समय) मा प्रचार हुँदा सिरिया, फोइनिसिया, बेबिलोनिया, पर्सिया, मेडेया र आयेवेसेनियामासम्म यस धर्मको अस्तित्व रहेको थियो ।

अलबेरूनिको (९९७–१०३० ए. डी.) को अभिमतमा खुरासान, पर्शिया, इराक, मोसुलदेखि सिरियासम्म बौद्धधर्म पुगेको थियो । त्यसपछि यो धर्म वाल्खसम्म पनि पुग्यो । त्यता राजा गुस्तास्प जरथुष्ट्रधर्म मान्ने भएता पनि उनले बौद्धधर्मको सम्मान गरेका थिए । तर उनका छोरा इस्फेण्डियादले यसलाई राम्रो मानेन ।

अर्को यौटा रोचक घटना अनुसार इरानसरबाट निकालिएका धर्मगुरु मानी (C–२१६–७९ ए. डी.) भारत आएर बौद्धधर्मका कतिपय कुराहरू शिकेर फर्किंदा उनीबाट पनि बौद्धधर्मका विधिविधान प्रचारित हुन गयो । फलतः इशाईहरूले बौद्धधर्मको मर्म बुझ्ने मौका पाए ।

विचारणीय कुरो यो छ कि इशाई मत आकाशबाट खसेको अलौकिक धर्म थिएन । यो पनि मानवीय अन्तर्मनले चाहेको कुरो कपडा बुने झैं बुनिएरै आएको हो । अतः यसभित्र बौद्धमतको नितान्तता स्वयम् सहवरण गरियो जसलाई अपरिपक्व भाषामा

Downloaded from http://dhamma.digital/

(Buddhism in Christendom or Jesu, The Essene) भन्ने पुस्तकमा बौद्धधर्मबाट चोरिएको वा उधारो लिइएको इशाई-धर्म भनियो ।

साँच्चै इशाईधर्मको विधिविधान सबै रोम, एथेन्स, इफेशस, आयेण्टिओच, एलेक जाण्ड्रिय्, जेरूसलेम, पर्सिया र भारतका नक्कल हुन् । इशाईधर्म प्रचार गर्ने पहिलो व्यक्ति इशा मसिहा (Jesus Christ)को व्यक्तित्व समेत उपर्युक्त किसिमले बयान गरेर बनाइएको तथ्य छ । अथवा, उदाहरणको लागि भन्नु पर्दा उपर्युक्त सभ्यताका देवी देवताहरूको बयानको आधारमा तयार पारिएको व्यक्तित्व हो जुन अर्वाचीन कालको कल्पना गरेको बौद्धमतले भरसक सुधार गरेको थियो । एडोनिस र आटिस सिरिया र फ्रिगिया, ओशिरिस, आइसिस एवं होरस भन्ने इजिप्टका देवताहरूको अवधारणामा "क्रिसमस" मनाइने गरेको तथ्य इतिहासबाट स्पष्ट हुन्छ ।

उपर्युक्त सबै देवताका व्यक्तित्वहरू गुफामा जन्मेको, अकारण मारिएको, मृत्युबाट बौराएर उठेको र उद्धारकको रूपमा आफूलाई प्रतिनिधित्व गरेको किंवदन्ति सबैलाई इतिहासको आधारमा अवगत हुँदै आएको छ । तर त्यो इशाई मतमा पनि भूत प्रेत पिसाचको कल्पना भने छुट्टिन सकेन । अतः नयाँ नयाँ चेतनशील पादरीहरूमध्ये जष्टिन मार्टियर आदिले केही सुधार ल्याएका थिए ।

त्यस्तै धर्म ग्रहण गराउँदा (Baptism) पानीमा डुबुल्की लगाउन लाउने प्रथा चल्यो र यसप्रकारको प्रचलन पवित्रताको निमित्त भन्ने परिभाषा निकालियो । जुन आजसम्म पनि चलेकै छ ।

Downloaded from http://dhamma.digital/

क्रिसमसको दिन मान्ने कुराको पुष्टयाईंमा पादरी अगष्टिनले इसवी सन् (३५४–४३०) भनेका छन् कि क्रिसमस सूर्यको जन्म दिनको लागि मनाइने होइन कि सूर्यलाई जन्माउने पुनीत स्रष्टाको श्रद्धा-दिवसको लागि मनाइने हो । इशामसिह सूर्य झैं सबैलाई प्रकाश दिने प्रतीकको कल्पना र उनलाई जन्माउने (Virgin Mary) (पुरुष-द्वारा योनिक्षत नगरिएको कुमारी आमा मेरी) मान्ने गरेको पाइन्छ ।

यस्ता अलौकिक कुराहरू महायानका बौद्धहरूले पनि मान्ने गरेको उल्लेख फादर ग्रएवरले इसवी सन् १६६१ मा ल्हासामा जाँदा देखेको कुराबाट क्रिश्चियनहरूलाई अलमलमा पारेको थियो । उनीहरू छक्क परेका थिए ।

आधुनिक युग आइपुगेपछि इशाईमतको भेटघाट फेरि बौद्धमत-सँगै भयो । यस उसले इशाईहरूले आफ्नो चाहना मुताविक बौद्धधर्मको तर्फबाट यसको नीतिगत सिद्धान्त मान्यता संस्कृतिसँग पनि आत्मसात् गऱ्यो । यसको साथ, साथै पूर्वीय दैवशास्त्र (Theology) बाट अन्ध विश्वासका मसलाहरू पनि छोड्न सकेन । जातक कथामालाको चक्करमा झैं गोस्पेलहरू (Preparation for the Gospels) कथन थाले जसलाई भाटिकन दोश्रो सभाले पनि इसवी सन् १९६५ मा पारित गरेको थियो ।

अब यी धार्मिक समुदायहरू दुई भागमा बाँडिए । एक–चर्चले आफ्नो सर्वसत्ता घोषणा गर्नु, दुई–इशामसिहलाई नै इशाई मतमा सर्वोच्चताको मान्यता ।

तर, स्मरण रहोस् हालै हलिउडमा बनेको एउटा फिल्म—

Downloaded from http://dhamma.digital/

"The last temptation of Jesus Chirst" जसमा इशामसिहले क्रुशमा मर्न लाग्दा साधारण मानवजीवनमा आसक्त भएर मेरि मेण्डेलेनेसँग प्रेमविवाह गरी बच्चाहरू जन्माएर बस्ने कल्पना गरेको दृश्य देखाइएको छ र जसलाई अलौकिक इशामसिह मान्ने कट्टरपन्थीहरूले विरोध गरेका थिए। फेरि पनि उल्लेखनीय कुरो यो हो कि महामानव बुद्ध पनि बुद्धत्वद्वारा महान् बनेकै भएता पनि उनी मानव नै हुन् भन्ने हामी प्रगतिवादी अनि भौतिक मानव जनको सही मान्यता रहिआएको छ।

संसारमा जापानको सिन्तो धर्म सरहका अरू प्राकृतिक धर्महरू अनेकौं छन्। त्यसबाट प्राकृतिक वातावरणलाई सह्याल्ने, सम्मानताका साथ प्रकृतिलाई यथावत् राख्ने (ecological feelings) चेतना पनि छन्। यस्ता धर्महरूले अरू केही नगरेतापनि संसारमा सत्य तथ्यता प्रदान गर्न केही योगदान त अवश्य गर्छ।

अतः त्यस्तै प्रकारले बौद्धमतले सत्यताको आधार "प्रतीत्य समुत्पाद" राखेकोले त्यही अनुरूप इशाईहरू सत्यधर्मको खोजमा थिए र छन् पनि। यिनीहरूको दार्शनिक आधारशिला "जेशसको बारेमा सबै संसारका मानिसहरूलाई थाहा दिनु हो।" अमेरिकाको भर्जिनियामा स्थापित इभेन्जेलिकल अर्गनाइजेशन (गोस्पेल कथाहरू मान्यता दिनेहरूको संगठन) (Day Spring International)ले कमसेक आफ्नो सिद्धान्तको प्रचार प्रसारमा पापबाट मुक्त हुनको लागि चेतनशील हुनुपर्ने बौद्धधर्मको तथ्य प्रचार प्रसार गर्न लागेका छन्। उक्त प्रचारको सिलसिलामा स्यान हाटन क्याबल टेलिभिजन नेटवर्कले "यो संसार

Downloaded from http://dhamma.digital/

दुःखमय छ।" भन्ने उदाहरण दिनको लागि त सन् १९८५ मा भारत-को उल्लेख गरेर "भारत अनेकता, दुःख र मृत्यु स्थल वा नरक हो। (India is a land of divison, despair and death) पनि भनेका थिए।

हुन पनि भारतको कतिपय नारकीय जीवन चित्रण यसै मदर टेरेसाले– "भारतका दुःखित समस्याहरूको अन्त छैन" पनि भनेका छन् यसको लागि उनीहरू इशाई मत मान्नु पर्ने सल्लाह दिन्छन्।

"There is no solution to the problems of Indian people" Mother Teresa.

इशाईमतका सर्वमान्य विद्वान्हरूले प्राचीन बौद्धधर्मलाई नै इशाईमतका गुरु मानेका छन्। इशाई मतले मान्ने मेरी र बौद्धकथामा मायादेवी उस्तै देखछन्। यति मात्र होइन कि मोहम्मदनधर्मका सुफि धर्मगुरुहरूले प्रचार गर्ने गरेका धार्मिक सिद्धान्तहरू पनि बौद्धमतबाट सापार ल्याइएको हो भन्ने मत इशाई विद्वान्हरूले एक मतले स्वीकार गरेका छन्। सम्भवतः एउटा जातक कथा "तीन महाजनहरू" सबै पश्चिमेलीहरूले थाहा पाएका छन् जुन बाइबलको माथ्यु 25. 14-30 मा छ। तर आफ आफ्नो विषयमा फरक बौद्ध एवं इशाईमतको प्राथधानले अब आपसमा जिल्ल परिरहेका छन्।

आऊ र आफैले अध्ययन गरिकन हेर (एहि पस्सिको) बौद्ध-धर्म भन्छ।

विश्वास गर, शंका नगर, प्रश्न नगर जेशस क्राइष्टको धर्मले भन्छ।

Downloaded from http://dhamma.digital/

बौद्धग्रन्थको आमगन्ध सुत्तको प्रभावमा इशामसिहले पनि निम्न उपदेश गरेका थिए– "जुन कुरा हामी खान्छौं त्यो कुराद्वारा हामी भ्रष्ट हुने भन्दा जुन कुरा हामी मुखबाट ओकल्दछौं (त्यो हिंसा-को वचन, मिथ्यावाद, मुसावादले) त्यसबाट हामी बढी भ्रष्ट हुन सक्नेछ ।

## अन्तमा

बुद्ध महा मानव हुन् । बुद्ध धर्म मानव सिद्धान्त हो । बौद्ध धर्म अनुसार, मानिस दुःखबाट मुक्त भएर बाँच्न सक्छ । भव चक्र (life-cycle) बाट मुक्ति पाउन सकिन्छ । तर, त्रिरत्नको महत्त्व बुझेर जीवन चलाउन जान्नु पर्छ ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/




व० श्रा० कनकद्वीप
६४८ नागबजार (दक्षिण)
काठमाडौं, नेपाल ।


लेखकका अरू चर्चित पुस्तकहरू:

१. उद्‌गार (कविता संग्रह)

२. बीसौं शताब्दीको अन्त्य (कथा संग्रह)

३. ओमोटोको इतिहास (जापानी शिण्टो धर्म सम्बन्धी)

बौद्ध धर्ममा औधि चाख राख्नु हुने व० आ० कनकद्वीपज्यू स्वतन्त्र लेखक हुनु हुन्छ । उहाँका अनेकौं कृतिहरू विभिन्न भाषामा प्रकाशित भएका छन् ।

२०२५ सालतिर उहाँलाई श्री ५ को सरकारबाट साहित्यिक पुरस्कार पनि प्राप्त गराइएको थियो ।

— प्रकाशक


मुद्रक:– नेपाल प्रेस, शुक्रपथ । फोन नं. २२ १० ३२



Downloaded from http://dhamma.digital/